# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासोरजिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७र९७६१८१५४०००र
९८४११५१२१७र९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष ११ | अंक १८६ | काठमाडौं | मंगलबार, १३ कात्तिक २०८१ | Prabhab National Daily | Tuesday, October 29, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–




हिन्दू नेपालीहरूको दोस्रो ठूलो पर्व तिहारको आगमनसँगै सोमबार साँझ विभिन्न रंगीचंगी बत्तीले झिलिमिली देखिएको काठमाडौंको पर्यटकीयस्थल ठमेल । यमपञ्चकसमेत भनिने तिहार आजदेखि सुरु भएको छ । *तस्बिरः हरिराम भेटुवाल⁄रासस*

भारतको कूटनीति

## कांग्रेसलाई धमाधम 'रेड कार्पेट' ओलीलाई छैन 'ग्रिन सिग्नल'

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा सरकार गठन भएको चार महिना लागिसक्यो । तर, यसअघि नयाँ सरकार बन्नसाथ 'रेड कार्पेट' ओछ्याएर निम्तो दिने भारतले प्रधानमन्त्री ओलीलाई भने भ्रमणको 'ग्रिन सिग्नल'सम्म दिएको छैन ।

जबकि, यही सत्ता गठबन्धनमा रहेको नेपाली कांग्रेसलाई भने भारतले प्राथमिकतामा राखेर भ्रमण तथा उच्चस्तरीय भेट दिइरहेको छ । परराष्ट्रमन्त्री एवं कांग्रेस नेतृ आरजु राणा देउवालाई भारतले भदौ २ अर्थात् सरकार बनेको महिना दिनमै स्वागत गऱ्यो । उपचारका लागि भन्दै भारत पुगेकी उनलाई भारतका विदेशमन्त्री एस जयशंकरले निम्तो दिएका थिए । राणाले भोलिपल्टै भदौ ३ गते भारतका प्रधानमन्त्री नरेन्द्र मोदीसँग पनि भेटवार्ता गरिन् ।

नयाँदिल्लीमा आयोजित एसिया जलवायु सम्मेलनमा भाग लिने निहुँमा पुगेका कांग्रेसका महामन्त्री गगन थापालाई पनि भारतको सत्ताधारी दलले महत्त्वका साथ भेटेको छ । कात्तिक ८ गते महामन्त्री थापा र भारतीय सत्तारुढ दल भारतीय जनता पार्टी (भाजपा)का विदेश विभाग प्रमुख विजय चौथाइवालेबीच दिल्लीमा भेटवार्ता भयो ।

(क्रमशः पृष्ठ २ मा)

### गगनको संशयपूर्ण अभिव्यक्ति



सामान्यतया नेताहरूको छिमेक भ्रमणलाई राजनीतिक महत्त्वका साथ हेरिन्छ । प्रमुख पार्टीको मुख्य पदमा रहेका व्यक्तिहरूको भ्रमणलाई अर्थपूर्णरूपमा हेरिन्छ ।

पछिल्लोपटक नेकपा माओवादी केन्द्रका नेता वर्षमान पुनको बाक्लो चीन आउजाउपछि कांग्रेस-माओवादी गठबन्धन भत्किएर एमाले-माओवादी गठबन्धन बनेको थियो ।

यसपटक कांग्रेस नेताहरूको भारत भ्रमण बाक्लो हुन थालेको छ ।

(क्रमशः पृष्ठ २ मा)

एमालेले पाएको जग्गा दान प्रकरण

## तत्काल हक हस्तान्तरण नगर्न सर्वोच्चको आदेश

■ **जेबी योञ्जन**



**काठमाडौं–** रवि लामिछाने सहकारी ठगी र संगठित अपराधसम्बन्धी अभियोगमा पक्राउ पर्नुअघि देशको राजनीतिको केन्द्रमा थियो- एमालेले निःशुल्क पाएको अर्बौंको जग्गा । एमालेलाई गत दसैंमा विवादित व्यवसायी मीनबहादुर गुरुङले काठमाडौंको कीर्तिपुरमा जग्गा दान दिएका थिए । एमालेभित्र र बाहिरदेखि जग्गा लेनादेना भएको विषय सर्वाधिक विवादित मात्रै बनेन, एमाले र गुरुङमाथि कानुनी चुनौती पनि थपियो ।

अन्ततः सोमबार सर्वोच्च अदालतले अल्पकालीन अन्तरिम आदेश जारी गर्दै भन्यो- 'प्रथम दृष्टिमै कानुन अनुकूल देखिएन ।' सँगै भन्यो, 'जग्गादानको बदलामा प्रतिफलको जोखिम छ, तत्काल हक हस्तान्तरण नगर्नू ।'

अधिवक्ता ज्ञानबहादुर बस्नेतसमेतले दायर गरेको रिट निवेदनमाथि सुनुवाइ गर्दै सर्वोच्चका न्यायाधीश सुनिलकुमार पोखरेलको इजलासले एमालेले जग्गा दान लिने कार्य कानुनविपरीत देखिएको ठहर गरेको हो । आदेशमा थप भनिएको छ, 'प्रधानमन्त्रीको दलले अर्का विपक्षीसँग जग्गा दान लिएको विषय सार्वजनिक चासो र निवेदकजस्ता आमनागरिकसँग सार्थकरूपमा सम्बन्ध जोडिएको विषय हो भन्नेमा अन्यथा मान्नुपर्ने देखिएन । यसरी निवेदकले निवेदनपत्रमा उठाएबमोजिम विपक्षी नेपाल कम्युनिस्ट पार्टी एमालेले अर्का विपक्षी भाटभटेनी डिपार्टमेन्ट कम्पनी प्रालिका सञ्चालक मीनबहादुर

- जग्गा लेनादेना गर्ने कार्य प्रथम दृष्टिमै कानुन प्रतिकूल देखिएको सर्वोच्चको भनाइ
- जग्गादानको बदलामा प्रतिफलको जोखिम रहेको भन्दै तत्काल हक हस्तान्तरण नगर्न आदेश
- राजनीतिक दल र सुशासनसम्बन्धी ऐन पालना गर्न एमालेलाई आदेश

गुरुङबाट काठमाडौं जिल्ला कीर्तिपुर नगरपालिका वडा नम्बर- २ मैत्रीनगरमा १० रोपनी १४ आना जग्गा दान प्राप्त गरेको भन्ने कार्य प्रथम दृष्टिमा नै राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ३८ (३) र ३८ (६) को व्यवस्था अनुकूल देखिएन ।'

राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ३८ (३)मा २५ हजारभन्दा बढी चन्दा लिने दलहरूले चेक वा बैंकिङ ट्रान्सफर गर्नुपर्ने व्यवस्था छ । त्यस्तै दफा ३८(६) मा दलहरूले तोकिएभन्दा बढी सहयोग लिँदा स्रोत खुलाउन लगाउनुपर्ने अर्को व्यवस्था छ । यी दुवै व्यवस्था प्रतिकूल हुनेगरी जग्गा लेनादेना भएको सर्वोच्चले ठहर गरेको हो ।

तर, गुरुङले दिएको जग्गामा एमालेले पार्टी कार्यालय निर्माणका लागि गत २५ असोजमै शिलान्यास गरिसकेको छ । प्रधानमन्त्री ओली र उनकी पत्नी राधिका शाक्यसँगै व्यवसायी गुरुङ दम्पतीले दसैंको अष्टमीको दिन भवन शिलान्यास गरेका थिए । भवन निर्माण गुरुङ स्वयंले गर्ने भनेका छन् ।

यस विषयमा सोमबार संसद्को राज्य व्यवस्था तथा सुशासन समितिमा पनि प्रश्न उठ्यो । माओवादी सांसद दुर्गा राईले प्रधानमन्त्री ओलीको दल एमालेको कार्यालयका लागि १० रोपनी १४ आना जग्गा दान लिनु भ्रष्टाचार भएको बताइन् । 'आज अख्तियार टिम यहाँ छ । दान दातव्यको कुरा के हो ? भ्रष्टाचार हो कि होइन ?

(क्रमशः पृष्ठ २ मा)

सन्दर्भः वैदेशिक रोजगार

## 'आन्तरिक रोजगारी सिर्जना नहुँदासम्म वैदेशिक रोजगारको विकल्प छैन'

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले आन्तरिक रोजगारी सिर्जना गर्न नसक्दासम्म वैदेशिक रोजगारीमा जाने नेपालीको संख्यामा कमी नआउने बताएका छन् । मन्त्री भण्डारीले प्रत्येक वर्ष पाँच लाख युवाशक्ति श्रमबजारमा आउने भएकाले उनीहरूलाई अन्तरिक रोजगारीमा समेट्न सक्ने अवस्था नहुँदा वैदेशिक रोजगार नै पहिलो विकल्प रहेको बताएका हुन् ।

सोमबार गैरआवासीय नेपाली दिवस तथा वार्षिक साधारणसभा र ग्लोबल कन्क्लेभ २०२४ को 'सुरक्षित, व्यवस्थित, मर्यादित वैदेशिक रोजगार र सामाजिक सुरक्षा' सत्रलाई सम्बोधन गर्दै मन्त्री भण्डारीले प्रत्येक वर्ष श्रमबजारमा पाँच लाख नयाँ जनशक्ति थपिने गरेको बताए । जसमा एक लाखले मात्रै स्वदेशमा रोजगारी पाउने र बाँकी चार लाख रोजगारीका लागि भौतारि नुपर्ने अवस्था रहेको उनको भनाइ छ । 'बर्सेनि श्रमबजारमा जनशक्ति थपिएसँगै सरकारले रोजगारीको अवसर सिर्जना गर्न नसक्दा लाखौंको संख्यामा नेपालीहरू विदेशिनुपर्ने बाध्यता छ,' उनले भने, 'तर, अब सरकार आन्तरिक रोजगारी सिर्जना गर्ने दिशामा अग्रसर छ, यसलाई सफल बनाउन आन्तरिक रोजगार दशक घोषणा गरेर काम गर्दै छौं ।'

श्रममन्त्री भण्डारीले स्वदेशमै




अवसर सिर्जना गर्नका लागि मुलुकको समग्र राजनीतिक परिस्थितिदेखि अन्य सबैकुरा अनुकूल बन्दै गइरहेको दाबी गरे । वर्तमान सरकारलाई असफल हुने छुट नरहेको भन्दै उनले सत्ता परिवर्तन गर्न र सरकारमात्रै बनाउनका लागि नभई मुलुकको बृहत्तर हितका निम्ति काम गर्न बनेको जिकिर गरे ।

'अहिले विभिन्न भाष्य निर्माण भएको छ, कहिले बाध्यात्मक भन्छौं, कहिले स्वेच्छिक भन्छौं, कहिले अवसरका खोजी भन्छौं, जे भने पनि सत्य कुरा के हो भने यो मुलुकमा हरेक वर्ष पाँच लाख मानिस श्रमबजारमा आउँछन्, एक लाख मानिसले मात्रै यो मुलुकमा रोजगारी पाउँछन्, बाँकी चार लाख बेरोजगार नै रहने हुन्, तिनीहरूलाई व्यवस्थित गर्न स्वदेशमै रोजगारी सिर्जना नगरेसम्म अहिले नै वैदेशिक रोजगारीको बाध्यता, परनिर्भरता घटाउन सकिँदैन,' उनले भने ।

मन्त्री भण्डारीले मुलुकभित्रका रोजगारीको सम्भावनालाई पहिल्याउन 'पोलिसी डिपार्चर'मा काम गरिरहेको बताउँदै संरचनागत सुधारमा पनि जोड दिइएको बताए । वैदेशिक रोजगारीमा गएकाहरूको हित प्रवर्द्धन र आन्तरिक रोजगारी सिर्जनामा एनआरएनएको भूमिका महत्त्वपूर्ण रहेको बताउँदै मन्त्री भण्डारीले आगामी दिनमा हातेमालो गरेर अगाडि बढ्न सरकार तयार रहेको उल्लेख गरे ।

वैदेशिक रोजगारीमा जाँदा सामाजिक सुरक्षा कोषमा अनिवार्य योगदान दिएर श्रम स्वीकृति लिए पनि विदेश गइसकेपछि वास्ता नगर्ने श्रमिकको संख्या ठूलो रहेकाले सचेतनाका लागि भूमिका खेलिदिन मन्त्री भण्डारीले एनआरएनएसँग आग्रह गरे । आन्तरिक रोजगार प्रवर्द्धनका लागि वैदेशिक रोजगारबाट नेपालीले सिकेर आएको सीपलाई सम्बोधन गर्न ७५३ पालिकामा रोजगार सेवा केन्द्र स्थापना गरी आवश्यक कार्य भइरहेकोसमेत उनले जानकारी दिए ।

कोरिया रोजगारी

## साढे पाँच हजारभन्दा बढी नेपाली श्रमिकसँग सम्झौता

**काठमाडौं (प्रस)–** दक्षिण कोरियाले रोजगार अनुमति प्रणाली (इपिएस) अन्तर्गत पाँच हजारभन्दा बढी नेपाली कामदारसँग रोजगार सम्झौता गरेको छ । सन् २०२४ को अक्टोबर (१० महिना)सम्म झण्डै पाँच हजार ७०० नेपाली कामदारसँग रोजगारीको करार सम्झौता भइसकेको वैदेशिक रोजगार विभागअन्तर्गतको इपिएस कोरिया शाखाले जनाएको छ ।

कोरियाले पछिल्ला वर्षहरूमा नेपाली कामदारलाई प्राथमिकतामा राखेर छनोट गरिरहेका कारण यो १० महिनाको अवधिमा उल्लिखित संख्यामा रोजगारदाताले करार सम्झौता गरेको इपिएस शाखाकी निर्देशक मैया कँडेलले बताइन् । उनका अनुसार रोजगार सम्झौता भएका अधिकांश कामदार कोरिया गइसकेका छन् भने बाँकी रहेकाहरू जाने क्रममा रहेका छन् ।

'अन्य स्रोत मुलुकको तुलनामा कोरियाले नेपाली कामदार बढी माग गर्दै आएको छ,' उनले भनिन्, 'अहिलेको अवस्थामा कोरियाले माग गर्दै आएको १६ स्रोत मुलुकमध्ये सबैभन्दा धेरै कामदारसँग करार सम्झौता गर्नेमा नेपाल अग्रस्थानमा छ ।'

केही दिनयता इपिएस शाखाले कोरिया जाने कामदारको उडान तालिकासमेत सार्वजनिक गर्दै आइरहेको छ । आगामी दिनमा पनि करार सम्झौता संख्या अझै बढ्ने देखिएकाले उडान संख्यामा वृद्धि हुने शाखाको भनाइ छ ।

कोरियाले सन् २०२४ का लागि झण्डै १७ हजार कामदार लैजानेगरी कोटा निर्धारण गरेको छ । यद्यपि, कोरियाले सन् २०२३ मा १६ देशबाट कामदार आपूर्ति गर्ने क्रममा सबैभन्दा बढी नेपालबाट गरेको थियो । सन् २०२३ मा १९ हजार ६८९ नेपालीहरू रोजगारीका लागि कोरिया गएका थिए ।




## पृष्ठ १ बाट क्रमशः

### तत्काल हक...

१० रोपनी जग्गा दान लिएकोलाई एमनेस्टीले भ्रष्टाचार भनेको छ,' अख्तियार प्रमुख प्रेमकुमार राईसँग सांसद राईले भनिन्, 'सत्तारूढ दलले किन लिएको ? भ्रष्टाचार गर्दिनँ भन्नेले किन लिएको ?'

राईलगत्तै कांग्रेस सांसद सरिता प्रसाईंले पनि एमालेले पार्टी कार्यालयका लागि लिएको जगाबारे प्रश्न गरिन् । 'प्रधानमन्त्री, मन्त्री, सांसदहरूले डचामका डचाम गिफ्ट लिन थाले मुलुक के हुन्छ ?,' उनले भनिन् ।

जग्गादाता गुरुङ ललितानिवासको जग्गा हडपेको प्रकरणमा विशेष अदालतबाट दोषी ठहर भइसकेका व्यवसायी हुन् । हाल उनी कर छलीसम्बन्धी मुद्दाका आरोपी हुन् । उनै गुरुङले स्वार्थ बाझिनेगरी प्रधानमन्त्रीको दल एमालेलाई जग्गा दिए । जुन जग्गा कालु गुरुङ दम्पतीको भएको खुलासा भएको छ । यद्यपि, प्रधानमन्त्रीले स्वार्थ बाझिनेगरी उक्त जग्गा लिएको भन्दै अधिवक्ता ज्ञान बस्नेतसहित रिट लिएर सर्वोच्च पुगे ।

सोही मुद्दाको प्रारम्भिक सुनुवाइका क्रममा सर्वोच्चले कुनै दलले जग्गा दान लिने कार्य राजनीतिक दलसम्बन्धी ऐनकै दफा ३८ को (५) मा भएको आर्थिक सहयोग प्रदान गर्दा दलबाट कुनै आर्थिक वा व्यक्तिगत फाइदा लिने सर्त गरी प्रदान गर्न र त्यस्तो फाइदा दिनेगरी दलले सहयोग प्राप्त गर्न हुँदै भन्ने व्यवस्थाविरुद्ध भएको ठहर गऱ्यो ।

सत्तामा रहेको दललाई फाइदा हुने, पारदर्शी नहुने, निर्वाचनलगायत प्रक्रियाहरू प्रभावित भई अनुचित लेनदेनको अवस्था सिर्जना हुनसक्ने जोखिम रहेको पनि आदेशमा उल्लेख छ । एमालेले प्राप्त गरेको जग्गा भने १० रोपनी १४ आना हो । उक्त जग्गामा तत्काल कुनै कामकारबाही नगर्नू/नगराउनू भनी अल्पकालीन अन्तरिम आदेशसमेत जारी गरेको छ । सर्वोच्चले एमालेलाई राजनीतिक दलसम्बन्धी ऐन र सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन पालना गर्न सम्झाएको छ ।

अब अन्तरिम आदेशका लागि भने रिट निवेदक बस्नेतसहित तथा विपक्षीहरू एमाले र मीनबहादुर गुरुङलाई यही २६ कात्तिकमा छलफलका लागि बोलाइएको सर्वोच्चका प्रवक्ता अच्युत कुइँकेलले प्रभावलाई जानकारी दिए । रिट निवेदकहरूका तर्फबाट वरिष्ठ अधिवक्ता डा. सुरेन्द्र भण्डारीलगायतले इजलासमा बहस गरेका थिए । विपक्षी एमालेको तर्फबाट वरिष्ठ अधिवक्ताहरू रविनारायण खनालसहिलते प्रतिरक्षा बहस गरेका थिए ।

राजनीतिक वृत्तमा भने प्रमुख सत्ताघटक कांग्रेससँगै विपक्षी दलहरू माओवादी, रास्वपा, राप्रपा, नेकपा एकीकृत समाजवादीलगायतले एमालेले दान लिएको जग्गाको विरोध गर्दै आएका छन् । यी दलले कुनै विवादित व्यवसायीबाट जग्गा दानदातव्यको रूपमा लिनुलाई भ्रष्टाचार भनेका छन् । यसलाई लिएर एमालेमै पनि विरोध भएको छ । नेता भीम रावल, विन्दा पाण्डेलगायतले विरोध गरे । पार्टी निर्णयविपरीत अभिव्यक्ति दिएको भन्दै ओलीले रावल, पाण्डेसहितका नेताहरूविरुद्ध स्पष्टीकरण सोधेका छन् ।

■■■

### कांग्रेसलाई धमाधम...

थापाले उक्त तस्बिर नराखे पनि चौथाइवालेले सामाजिक सञ्जाल एक्समा थापासँगको भेटको तस्बिर पोस्ट गर्दै द्विपक्षीय हितका विषयमा कुराकानी भएको बताएका छन् । भाजपा विदेश विभाग प्रमुख नेपाल आइरहने भाजपाका उच्च नेतामा पर्छन् ।

यता प्रधानमन्त्री ओलीलाई भने भारतले निम्तोको कुनै छनक नदिएपछि उनी चीन भ्रमणको तयारीमा जुटेका छन् । प्रधानमन्त्री ओली मंसिरमा चीन जाने तयारीमा लागेको परराष्ट्र मन्त्रालयका अधिकारीहरू बताउँछन् । यसका लागि ओलीले चीनस्थित नेपाली राजदूतावाससँग समन्वय थालिसकेका छन् । प्रधानमन्त्रीको सचिवालयले भने अहिले नै कुनै भ्रमणको तयारी नरहेको दाबी गरेको छ । 'प्रधानमन्त्रीले अहिले विदेश भ्रमणको कुनै तयारी गर्नुभएको छैन । भारतले बोलाएन भन्नु व्यर्थ हो, प्रधानमन्त्री बन्नसाथ छिमेकी देश घुम्न जानैपर्छ भन्ने छैन,' सचिवालयका एक सदस्यले भने । भारत भ्रमणमा जाँदा सरकार प्रमुखहरूको आलोचना हुँदै आएको छ । यस्तो आलोचनाबाट छल्न प्रधानमन्त्री ओलीले भ्रमण रोकेको हुनसक्ने कतिपय बताउँछन् । परराष्ट्रका जानकारहरू भने भारतले 'ग्रिन सिग्नल' नदिँदा ओली तनावमा परिसकेका छन् ।

■■■

### गगनको संशपूर्ण...

ओली नेतृत्वको सत्तालाई साथ दिनुपर्ने बताउँदै आएका नेपाली कांग्रेसका महामन्त्री गगन थापाले भारत भ्रमणपछि बोली फेरेका छन् । उनले अहिलेको सरकारले केही गति लिन नसकेको ठोकुवासमेत गरेका छन् ।

'सुस्ताएको अर्थतन्त्र किन यस्तो ? हाम्रो इकोनोमीले गति लिन सकेको छैन । कहीँ पनि सकारात्मक छैन,' सोमबार बालुवाटारमा नेपाल राष्ट्र बैंकका कर्मचारीको कार्यक्रममा थापाले भने ।

प्रधानमन्त्री ओलीले आफू नेतृत्वको सरकारले गरेको कामलाई ७० नम्बर दिएका थिए । तर, थापाले भने सरकारको कामप्रति असन्तुष्टि जनाएका हुन् । केही अघि ब्याजदरका कारण ऋण प्रवाह नहुँदा अर्थतन्त्र ठप्प भएको भनिए पनि अहिले पनि बैंकमा पैसा थुप्रिएको अवस्था रहेको बताए । 'लामो समय ब्याजदरका कारण ऋण प्रवाह नभएको भन्यौं । जताततै ब्याजदर भनियो । अहिले ब्याजदर ठीक छ तर बैंकमा पैसा थुप्रिएको छ । ऋण प्रवाह भएको छैन,' थापाले भने ।

पछिल्लो समय युवाहरू वैदेशिक रोजगारमा पुगेका कारण अर्थतन्त्र सुस्ताएको तथ्यांक पनि ठीक नहुने उनको तर्क रह्यो । 'राष्ट्र बैंकको अध्ययनको हवाला दिएर कुरा गरेको सुन्छु । अहिले डिमान्ड घटेको छ । किनभने मानिसहरू बाहिर गएका छन् । हामी अब केही वर्ष यस्तै भन्छौं,' थापाले भने, 'पहिले पनि यसरी जान्थे नि । एउटै कुरा गरिराख्ने भनेको मूर्खता हो ।' आमजनतामा नैराश्यता रहेको उल्लेख गर्दै थापाले सरकारले जोखिम उठाउने बेला आएको बताए ।

#### धनराजमाथि पनि अनुसन्धान होस्

महामन्त्री थापाले कांग्रेस उपसभापति धनराज गुरुङमाथि पनि राज्यले अनुसन्धान गर्नुपर्ने बताएका छन् । उनले कुनै व्यक्ति ठूलो पार्टी भन्दैमा बच्न नहुनेसमेत बताए ।

'नेपाली कांग्रेसको उपसभापति माननीय धनराज गुरुङको विषयमा छलफल, बहस भयो । अनुसन्धान गर्नुपर्छ । म त राज्यलाई भन्छु- वकैदा अनुसन्धान गर्नूस् । अनुसन्धान गर्नुपर्छ । एमालेका ऋषिकेष पोखरेलजीको पनि नाम आयो । अनुसन्धानमात्र हैन गल्ती गर्नुभएको भए अभियोजन पनि होस् । दण्ड पनि गर्नूस्,' महामन्त्री थापाले भने ।

उनले कानुनभन्दा माथि न त पार्टी सभापति शेरबहादुर देउवा न त प्रधानमन्त्री केपी ओली कोही नहुने बताए । 'जुनसुकै दलको होस् पाँचपटक प्रधानमन्त्री भएको मान्छे होस् कि अहिले भइरहेको प्रधानमन्त्री या भोलि प्रधानमन्त्री बन्ने । कानुनभन्दा माथि कोही छैन,' थापाले भने ।

---

## Jayaprithvi Municipality
### Office of Municipal Executive
**Chainpur, Bajhang**
**Request for Quotation**

**For Hiring A Firm For Skills Development Training**

***Date of first Publication : 2081-07-13(21 days' Notice)***

1. The Ministry of Labor, Employment and Social Security (MoLESS), Prime Minister Employment Program (PMEP) has received financing from the International Development Association (IDA) toward the cost of Youth Employment Transformations Initiative (YETI) Project Jayaprithvi Municipality, Bajhang District has received fund on conditional grant through fiscal transfer from the YETI Project and Intends to apply part the proceeds toward payments under the contract for **Hiring a Firm for Skill Development Training in Jayaprithvi Municipality.**
2. A firm will be selected through an open competitive process under the procedures "as specified in the project operations Manual of YETI Project from Request for Quotation (RFQ) and the cost of the RFQ is 9,60,000. (In Words Nine Lakh Sixty Thousand only including VAT)
3. Jayaprithvi Municipality, Bajhang District invites sealed quotation from the qualified firms. The brief description of the procurement is as follows.

| S. N. | Description | RFQ Document fee (non-refundable) | Deadline of RFQ document purchase | RFQ submission Deadline (Date and Time) | RFQ-Opening Date and Time |
|---|---|---|---|---|---|
| 1 | Hiring a firm for skills Development Training in Jayaprithvi Municipality (proc Ref no(JPM-RFQ-01-2081/082) A.) masonry (brick and stone masonry), B.) Plumbing | 1000/- Office Name: Jayaprithvi Municipality Bank Name: Rastriya Banijya Bank Account no:_ **4110100301010004** | 2081-08-03 (before 4 Pm) | 2081-08-3 (Before 4 Pm) | 2081-08-3 (4:00 Pm) |

4. The details of the service requirements, eligibility and qualifications required is found in terms of reference (Annex-1). All the documents and ToR are uploaded in municipal Website.(www.jayaprithvimun.gov.np)
5. Qualified service providers experience and registered in the same district will get advantage.
6. In case of last date for purchasing submission and opening of RFQs falls on a government Holiday, the next working day shall be considered the last day. In such a case, the RFQ validity shall be recognized from the original RFQ submission deadline.
7. The Jayaprithvi Municipality reserves the right to accept or reject any RFQ and to annul the procurement process and reject all RFQs at any time prior to contract Award, without thereby incurring any liability to Bidders/ Applicants.

**Chief Administrative Officer**

---

## Urlabari Municipality
### Office of Municipal Executive
**Urlabari, Morang**
**Koshi Province, Nepal**

**Invitation of Electronic Bids**

***Date of Publication: 2081/07/13(29th October 2024)***

1. The Urlabari Municipality office, invites Open Competitive Bidding electronic bids from eligible bidders for the following works under National Competitive Bidding procedure:

***Details of Works***

| S. No. | Contract Id No. | Name of Project work | Cost Estimate (NRs) with VAT | Bid security Amount (NRs.) | Fee for Bid Document (NRs) |
|---|---|---|---|---|---|
| 1 | URL-Blacktop Road-Ward8-W-NCB-01-081/82 | Urlabari-8, shib marga sadak kalopatre. | 1,46,93,401.05 | 3,76,000.00/- | 3000.00 |

2. Eligible Bidders may refer complete set of Bid Document for further information at office of Urlabari Municipality, Urlabari, Morang or PPMO'S Website: www.bolpatra,gov,np/egp. And Bidders shall have the option of submitting their bids electronically only.
3. For details bidders are advised to visit website: www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

---

## प्रदेश सरकार
## त्रिशुली अस्पताल
**बिदुर-९, नुवाकोट**

**Invitation for Bid**

Time: 2024/10/29

| S.N | Description of Works | Contract ID no.: | Estimated Amount | Bid Document Fee | Bid Bond Amount | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | Supply of Surgical Item at Triishuli Hospital | TH/GOODS/NCB/ SURGICAL-07/ 81/82 | NRs. 7259651.73/- exclusive VAT & Contengencies | NRs. 3000.00/- | NRs. 180000.00/- | |
| 2 | Supply of Medicine at Trishuli Hospital | TH/GOODS/NCB/ MEDICINE-8/ 81/82 | - | NRs. 5000.00/- | NRs.950000.00/- | 1S2E |

**Bidding Documents may be purchased from the following bank/office**

Name of the Bank: Nepal Bank Ltd.
Name of the Office: Trishuli Hospital,Nuwakot
Office Code no: 3700129013
Office Account no: 02000001001000001
Rajaswa (revenue) Shirshak no: 14229

**If the Bidder wishes to submit the Bid Security in the form of cash, the cash should be deposited**

Bank Name: Nepal Bank Ltd.
Bank Address: Trishuli Branch
Account Name: Kha. 2. 3. Pradesh Dharauti Khata
Account Number: 02602000002003000001

---

## Shibalaya Rural Municipality
### Office of the Rural Municipal Executive
**Sima, Jajarkot**
**Karnali Province, Nepal**

**Invitation for Bids for Road Track Opening**

**First Date of Publication: 2081/07/13 (Oct 29, 2024)**

1. Shivalaya Rural Municipality invites electronic bids from Nepalese eligible bidders for the construction of below listed **Road Track Opening and Upgrading** under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of the Shivalaya Rural Municipality, Sima Jajarkot, Karnali Province Nepal. The contact number is 9869213743, email: shibalayamun@gmail.com or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders should deposit the cost (as specified below) of bidding document in the account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank is :
   Name of the Bank: **Himalayan Bank Limited**
   Account no.: **27351974250078**
   Name of Office: **Rajaswa** (Internal Revenue)
4. Electronic bids must be submitted to the office of the Shivalaya Rural Municipality through PPMO website www.bolpatra.gov.np/egp on or before 12:00 PM on 2081/08/13. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 1:00 Pm on 2081/08/13 at the office of Shivalaya Rural Municipality. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by scanned copy of the bid security in pdf format, amounting to a minimum of following amount, which shall be valid for 30 days beyond the validity period of the bid. For those who deposit security amount in cash, information to deposit the cost of bid security in bank is:
   Name of the Bank: **Himalayan Bank Limited**
   Account no.: **27351974250011**
   Name of Office: **Sthaniya Taha Dharauti Account**
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. Pre-bid meeting shall be held at Shivalaya Rural Municipality, Jajarkot Sima, Jajarkot Karnali Province Nepal at 2081/08/03 10:00 hours
8. The name and identification of the contract are as follows:

| S. N. | Name of Contract | Contract No. | Estimated Amount without VAT & PS | Min. bid security amount | Bid Document fee |
|---|---|---|---|---|---|
| 1. | Construction OF Shivalaya Tanga Chiudwa Rakma Khaneta Road Project Shivalaya -03, Jajarkot | SRM/NCB/WORKS/ 2081-082/02 | Rs. 1,71,00,670.00 | Rs. 5,00,000.00 | Rs. 3000.00 |
| 2. | Construction OF Aale Nimele Kosetakura Road Project Shivalaya -02, Jajarkot | SRM/NCB/WORKS/ 2081-082/03 | Rs. 1,71,00,052.00 | Rs. 5,00,000.00 | Rs. 3000.00 |

**Chief Administrative Officer**

# आजदेखि यमपञ्चक सुरू

## भाइटीकाको शुभ साइत १८ गते ११:३७ बजे

**काठमाडौं (प्रस)-** यस वर्षको यमपञ्चक अर्थात् हिन्दू नेपालीको दोस्रो ठूलो चाड तिहार आज (मंगलबार)देखि सुरु भएको छ। नेपाल पञ्चांग निर्णायक विकास समितिका अनुसार आज धनत्रयोदशी (धनतेरस) पर्व मनाइँदै छ।

यमदीपदान भने कात्तिक १४ गतेदेखि बुधबार परेको छ । कागतिहार पनि बुधबार नै मनाउनुपर्ने समितिले जनाएको छ। आयुर्वेदका प्रवर्तक धन्वन्तरीजयन्ती पनि बुधबार नै मनाइन्छ ।

कुकुर तिहार, नरक चतुर्दशी, दीपमालिका र लक्ष्मीपूजा पनि कात्तिक १५ गते बिहीबार मनाउनुपर्छ । कात्तिक १६ गते शुक्रबार औंशी परेको छ। त्यस दिन भने तिहारको कुनै पर्व नपरेको समितिले आज जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

कात्तिक १७ गते शनिबार गाईगोरु पूजा, गोवर्द्धन पूजा, बलि पूजा, हलीतिहार, म्हपूजा र नेपाल संवत् ११४५ प्रारम्भ पनि परेको छ । कात्तिक १८ गते आइतबार भाइटीका परेको छ। यसैगरी कात्तिक २२ गते बिहीबार छठ पर्व परेको पनि समितिले जनाएको छ।

### भाइटीकाको शुभ साइत बिहान ११:३७ बजे

यसैबीच पञ्चांग निर्णायक विकास समितिले यस वर्षको भाइटीकाको साइत सार्वजनिक गरेको छ। यही कात्तिक १८ गते आइतबार बिहान ११:३७ बजे भाइटीकाको साइत शुभ रहेको समितिको सोमबारको बैठकले निर्णय गरेको कार्यकारी निर्देशक सूर्यप्रसाद ढुंगेलले जानकारी दिए।

पश्चिम मोहडा गरेर भाइटीका लगाउनुपर्ने पनि समितिले जनाएको छ । नेवार समुदायले मनाउने किजापूजा पनि त्यसै दिन गर्नुपर्ने जनाइएको छ।

---

**कतारमा रोजगार** कम्पनी : EUROPEAN GUARDING & SECURITY SERVICES CO

पूर्व स्वीकृति मिति : २०८०/०८/०८ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०७/१२ | LT. No. 295418 | चलानी नं. ६०२१०४७३

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | QR | ने.रू. | | | | | | | |
| 1 | GUARD | 9 | 0 | 1500 | ५५,३१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कार्तिक २० गते (5th Nov. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**दियालो इन्टरनेशनल इम्प्लोएमेन्ट एजेन्सी प्रा. लि.**
पो.ब. नं.: २०१९, सिनामंगल काठमाडौं, फोन नं. ०१-४५६०९२२, ४५६०६००,
ईमेल : diyalointl@gmail.com, www.diyalo.com.np

---

**साउदीमा रोजगार** कम्पनी : SISCO CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०७/१२ | LT. No. 312770 | चलानी नं. ६०२२७२५७

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Heavy Truck Drivers | 4 | 0 | 1800 | ६४,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कार्तिक २० गते (5th Nov. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**Prince International Employment Service Pvt. Ltd.**
Samakhusi-26 Ktm, Nepal, Tel : +977-1-4387650, Mobile: 981-3952892, 9706180600, 9813952892
E-mail : info@princeies.com, mkhatiwada799@gmail.com, binod2551@gmail.com
श्रम ईजाजत नं. ४३५/०६०/०६१

---

स्थानीय सरकार

## दुहवी नगरपालिका

### नगर कार्यपालिकाको कार्यालय

दुहवी, सुनसरी
कोशी प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्न आशयको सूचना

**सूचना प्रकाशित मिति: २०८१/०७/१३**

यस कार्यालयबाट प्रकाशित सूचना अनुसार विभिन्न निमाण कार्य गर्नको लागि आव्हान भएको बोलपत्रको सूचना बमोजिम प्राप्त हुन आएका बोलपत्रदाताहरूबाट निम्नानुसारको स्वीकृतिको लागि छनौट भएको हुंदा सार्वजनिक खरिद ऐन २०६३ दफा २७ (२) बोजिम बोलपत्र स्वीकृत गर्न ७ दिन आशयको सूचना प्रकाशित गरिएको छ ।

| क्र. स. | विवरण | ठेक्का नं. | छनौट भएका बो लपत्रदाताको नाम र ठेगाना | स्वीकृत रकम भ्याट समेत |
|---|---|---|---|---|
| १ | Construction of Asphalt concrete road at Duhabi Municipality ward 8 and 9, Kadamgachi chowk, Raingau, Chatabeli Tharu tole | (DM/NCB/ Work/2081/ 082-01) | National Nirman Sewa, Gadhi-1, Madheli | रू. 42,67,893.9 |
| २ | Construction of Asphalt Concrete road at Duhabi Municipality ward 8, Sonapur Chowk South of Bishnu Ma. Bi. Duhabi-Madheli Road | (DM/NCB/ Work/2081/ 082-02) | Tabij nirman sewa, Madheli-8, Sunsari | रू. 59,10,597.50 |
| ३ | Construction of Asphalt Concrete Road Work at Duhabi Municipality, ward no-2, Bagde Road, Health post to Bengri jointed Road (Ch-0+612 to 1+258) | (DM/NCB/ Work/2081/ 082-02) | Tabij nirman sewa, Madheli-8, Sunsari | रू. 77,39,069.23 |

प्रमुख प्रशासकीय अधिकृत

---

**NIMB** नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

## तपशिलमा उल्लिखित ऋणीहरूलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरूरी सूचना

प्रकाशित मिति २०८१/०७/१३

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
दरबारमार्ग काठमाडौं, नेपाल, पोष्ट बक्स नं.: ३४१२
फोन नं. ९७७-१-४२२८२२२, ४२४२५३०
इमेल: info@nimb.com.np
वेबसाइट: www.nimb.com.np

तपशिलमा उल्लिखित ऋणीहरुले यस नेपाल इन्भेष्टमेण्ट मेगा बैंक (साबिक नेपाल ईन्भेष्टमेण्ट बैंक र मेगा बैंक लि. एक आपसमा गाभिएर बनेको संस्था) बाट उपभोग गर्नुभएको क्रेडिट कार्ड सुविधाको समय-समयमा तिर्नु/बुझाउनुपर्ने रकम नतिरी नुबझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियतको उल्लंघन गर्नुभएको र ऋणीहरुलाई पटक पटक मौखिक एवम् लिखित तरताकेता गर्दा समेत कर्जा साँवा, ब्याज, किस्ता र हर्जाना ब्याज लगायतका रकमहरु बुझाउनेतर्फ कुनै पहल नगरेको हुनाले निजहरुका नाममा यस बैंकमा रहेको सम्पूर्ण ऋणी कर्जा चुक्ता भुक्तानी गर्नु हुने यो **३५ (पैंतिस)** दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र बैंकमा सम्पर्क राखी बुझाउनुपर्ने सम्पूर्ण साँवा, ब्याज, किस्ता र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नु हुन अनुरोध छ । अन्यथा, ऋणी र बैंकबीच भएका शर्त सम्झौता बैंकको नियम, बैंक तथा वितीय संस्था सम्बन्धी ऐन २०७३ तथा अन्य प्रचलित कानुनले बैंकलाई दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीमा नाम समावेश** गर्न लेखि पठाई वा अन्य प्रक्रिया अपनाई बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्नेतर्फ आवश्यक कानुनी कारबाही अगाडि बढाईने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**तपसिल**

| ऋणीको विवरण | ऋणीको विवरण |
|---|---|
| १) ऋणी : **मधुकर बस्नेत** (ना.प्र.नं.२८/०१/०६५/००६२३, मिति २०६७/०२/१९ मा जि.प्र.का. ललितपुरबाट जारी भएको), ठेगाना : टिकाथली ०७, ललितपुर, बाबु : लक्ष्मण बस्नेत, बाजे : कृष्ण बहादुर बस्नेत | २) ऋणी : **हिरा सिंह सुनार** (ना.प्र.नं.५०/०५/७५/०२४३७ , मिति २०७५/१०/०६ मा जि.प्र.का.बाग्लुङबाट जारी भएको), ठेगाना : बडिगाड ०८, बाग्लुङ, बाबु : गंगे सुनार, बाजे : जङ्ग बहादुर सुनार |
| ३) ऋणी : **सरोज राई** (ना.प्र.नं. ०५२०२४/४७५३, मिति २०६८/०९/२१ मा जि.प्र.का.मोरङबाट जारी भएको), ठेगाना : दर्वेशा ०८, मोरङ बाबु : भिम बहादुर राई, बाजे : पञ्च लाल राई | ४) ऋणी : **रेयाज अलि** (ना.प्र.नं.१६०३३२०१९, मिति २०६१/१०/०६ मा जि.प्र.का पर्साबाट जारी भएको), ठेगाना : वीरगञ्ज ०८, पर्सा बाबु : महमद अलि, बाजे : अबदुल गामी |
| ५) ऋणी : **विवेक राज जोशी** (ना.प्र.नं ७३१०३०/२३१, मिति २०६७/०४/३० मा जि.प्र.का. बैतडीबाट जारी भएको) ठेगाना : ग्वाल्लेक ०८, बैतडी, बाबु : रघुबर दत्त, बाजे : कृष्णनन्द जोशी | ६) ऋणी : **अजय कुमार** (ना.प्र.नं. ३३११२०/ १२६० मिति २०४३/१०/०९ मा जि.प्र.का.बाराबाट जारी भएको), ठेगाना : खुद्वाजद्दी ०७, बारा बाबु : हरि नारायण प्रसाद कलवार , बाजे : द्वारिका प्रसाद |
| ७) ऋणी : **श्रीकृष्ण रौनियार** (ना.प्र.नं. ३४१०२२/३५७०, मिति २०६५/०२/०२ मा इ.प्र.का.पर्साबाट जारी भएको), ठेगाना : वीरगञ्ज १२,पर्सा बाबु : पशुपतिनाथ रौनियार, बाजे : गोपिराम रौनियार | ८) ऋणी : **हिमालय विक्रम मल्ल ठकुरी** (ना.प्र.नं. ६/९०५, मिति २०४६/०२/२८ मा जि.प्र.का.पर्वतबाट जारी भएको), ठेगाना : लुखुदेउराली ०९, पर्वत, बाबु :पदम बहादुर मल्ल ठकुरी, बाजे : हरि बहादुर मल्ल ठकुरी |
| ९) ऋणी : **डिमा तामाङ्ग** (ना.प्र.नं. २७१०१५/६८९७, मिति २०६४/०३/२१ मा जि.प्र.का. काठमाण्डौबाट जारी भएको) ठेगाना : जोरपाटि ०५, काठमाडौं बाबु :सोनाम सिंह तामाङ्ग, बाजे : लाल बहादुर तामाङ्ग | १०) ऋणी : **शिवराम गिरी** (ना.प्र.नं. ४९९१/२५००३, मिति २०५९/०९/०१ मा जि.प्र.का. मकवानपुरबाट जारी भएको), ठेगाना : पदमपोखरी ०१, मकवानपुर, बाबु :ईश्वर गिरी , बाजे : जित बहादुर गिरी |
| ११) ऋणी : **उद्दव श्रेष्ठ** (ना.प्र.नं. ३५१०२५/१४४८, मिति २०६७/०६/१३ मा जि.प्र.का.चितवनबाट जारी भएको) ठेगाना : बेलटाडि ०२, भरतपुर बाबु : पशुपति श्रेष्ठ, बाजे : तारा प्रसाद श्रेष्ठ | १२) ऋणी : **अर्पण कार्की** (ना.प्र.नं. ३११०३७/५१६०७, मिति २०६५/०५/१६ मा जि.प्र.का.काठमाडौंबाट जारी भएको) ठेगाना : चन्द्रगिरी नगरपालिका ०१, काठमाडौं बाबु : ध्रुव कार्की, बाजे : गणेश कार्की |
| १३) ऋणी : **पुर्ण कुमार दाहाल** (ना.प्र.नं. ३४२२, मिति २०५६/१०/२० मा जि.प्र.का. सप्तरीबाट जारी भएको), ठेगाना : धरमपुर ०८,सप्तरी बाबु : मेख बहादुर दाहाल, बाजे : धर्म ध्वज दाहाल | १४) ऋणी : **युवराज चुडाल** (ना.प्र.नं. २०६९, मिति २०५०/०५/३१ मा जि.प्र.का. काठमाडौंबाट जारी भएको), ठेगाना : घटेकुलो ३२, काठमाडौं बाबु : त्रीलोचन चुडाल, बाजे : बृहशपति चुडाल |

---

## बैतेश्वर गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय
पाँडुडाँडा, दोलखा
बागमती प्रदेश, नेपाल

### आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

(प्रकाशित मिति: २०८१/०७/१३)

यस कार्यालयको मिति २०८१/०५/३० गते मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचना IFB No: BRM/NCB/Works/Dolakha/01/2081/082 Construction of Bishnu Ma Vi School Building Ward 1 मा रीतपूर्वक दर्ता हुन आएका बोलपत्रहरुको नियमानुसार मूल्याङ्कन गर्दा सारभूत रुपमा प्रभावग्राही भएका तपशिल बमोजिमका बोलपत्रदाताहरुको प्राविधिक प्रस्ताव स्वीकृत भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ज), ५ बमोजिम आर्थिक प्रस्ताव तपशिल बमोजिमको मिति, स्थान र समयमा खोलिने व्यहोरा सम्बन्धित सम्पूर्ण बोलपत्रदाताहरुको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपशिल**:

**मिति** : २०८१/०७/१३ **स्थान:** बैतेश्वर गाउँपालिकाको कार्यालय, पाँडुडाँडा, दोलखा **समय** : ११:०० बजे

| क सं | ठेक्का नं | ठेक्काको विवरण | प्राविधिक प्रस्ताव स्वीकृत भएका बोलपत्रदाताहरुको नाम र ठेगाना |
|---|---|---|---|
| १ | BRM/NCB/Works/ Dolakha/01/ 2081/082 | Construction of Bishnu Ma Vi School Building Ward 1 | 1. M/S Shristi- Shailungeshwori JV, Ramechhap<br>2. M/S Maiya Nirman Sewa,Namdu Dolakha |

प्रमुख प्रशासकीय अधिकृत

---

## Road Division

### Mahendranagar

### INVITATION FOR BIDS

**Notice No.06-081/82**
**First Date of Publication: 2081/07/13 (29th October2024)**

Road Division,Mahendranagarinvites bids from eligible domestic bidders for the Road improvement works as listed below:

| S. N. | Contract Identification No | Description and Location of Works | Estimated Amounts without VAT & cont. (NRs) | Bid Security Amount (NRs) | Bid Doc. Fee (NRs) |
|---|---|---|---|---|---|
| 1. | RDMNR/ 33701169/ 081/82-31 | Road construction and improvement along Simali Khimadi Road Mohonyal ga. pa. ward no. 2 | 84,96,165.44 | 2,45,000/- | 3000/- |
| 2. | RDMNR/ 33701169/ 081/82-32 | Road Construction and Improvement along Shivmandir Paschim to Jhudiya, Joshipur ga. pa. Ward no. 1 | 1,45,30,129.51 | 3,70,000/- | 3000/- |
| 3. | RDMNR/ 33701138/ 081/82-33 | Construction of drainage work in Mahendra Highway Chisapani-Attariya section (Ch 901+000 to 980+000) | 94,76,945.30 | 2,50,000/- | 3,000/- |
| 4. | RDMNR/ 33701138/ 081/82-34 | Slab Culverts Extension Work (CH 1019+000 to 1021+000), Kanchanpur | 81,72,686.32 | 2,40,000/- | 3000/- |

For further details regarding the notice of Invitation for Bids, Bidders are requested to visit PPMO Website:-www.bolpatra.gov.np/egp

Division Chief

---

## Dullu Municipality

### Office of Municipal Executive

Dullu, Dailekh
Karnali Province

### Invitation for Sealed Quotation

**FB No: GOODS/SQ/01/2081/082**
**First Date of publication: 12/07/2081**

1. ***Dullu Municipality, Dailekh*** invites only electronic bids from Nepalese eligible bidders for the construction of ***below listed execution of works*** under National Competitive Bidding procedures.

| S. N. | Contract No | Work Description/ Name of Project | Estimated Amount (Without VAT & PS) | Bid Security amount (NRs) | Bid Document Fee (NRs) | Bid Security Validity Period |
|---|---|---|---|---|---|---|
| 1. | IFB No: GOODS/SQ/ 01/2081/082 | Supply & Delivery Of Medicine Items | 3522000.21 | 100000.00 | 3000.00 | 75 Days |

2. a) Rajaswa (revenue) Khatta no. 4340100301010002 &
   b) Dharauti Khatta(Deposit Acct.) No: 4340100303000002
3. Electronic bids must be submitted before ***12:00*** on 27***/07/2081.***
   The bids will be opened at ***14:00*** on ***27/07/2081***

**Chief Administrative Officer**

---

### कर्मचारी हटाईएको सम्बन्धी सूचना

यस **Dulsco Human Resources Pvt. Ltd.** (ई.प.नं. ५००/०६१/०६२) मा कार्यरत **भक्त बहादुर दर्लामी (ना.प्र.प्र.नं: ७९६/१८३३)** लाई आजको मितिबाट यस प्रा.लि. बाट हटाइएको हुनाले निजसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

**Dulsco Human Resources Pvt. Ltd.** श्रम ईजाजत नं. ५००/०६१/०६२
Om Nagar-9, Sinamagal, Ktm, Nepal. Tel: +977-1-4111227, 4111228, 4111229, 4543010
Mobile: 9702290841, 9803202140, 9815039898, 9841423329

### कर्मचारी हटाईएको सम्बन्धी सूचना

यस **Sky Blue H.R. Solution Pvt.ltd** (ई.प.नं. १६६४/०८०/०८१) मा कार्यरत **कर्ण बहादुर खड्का (ना.प्र.प्र.नं: १७३२२)** लाई आजको मितिबाट यस प्रा.लि. बाट हटाइएको हुनाले निजसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

**SKY BLUE H.R. SOLUTION PVT.LTD**
Sinamangal-9, Gairigaun, Kathmandu, Nepal, Tel: 01-4593566, 9802358961/65,
Email: skybluehrsolutionspvtltd@gmail.com, Web: www.skybluehr.com

---

### नेपाली सेना कृषि विज्ञान संस्थान, बगालेगाउँ लम्जुङ

**सिलबन्दी दरभाउपत्र आव्हानको सूचना**

सूचना नं. NAWF/NAAHI/RATION/LMG/2081/82/12
(दोस्रो पटक प्रकाशित मिति: २०८१/०७/१३ गते ।)

१. यस संस्थानको लागि आ.व.२०८१/८२ मा निम्न अनुसारको खरिद कार्य गर्नु पर्ने भएकोले नेपाल सरकारबाट सम्बन्धित कामको ईजाजत प्राप्त इच्छुक फर्महरूले e-Gp System को माध्यमबाट सिलबन्दी दरभाउपत्र आव्हान गरिएको हुंदा विस्तृत जानकारीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाईट http://www.bolpatra.gov.np/egp/ हेर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।
२. विद्युतीय माध्यमबाट सिलबन्दी दरभाउपत्र अपलोड गर्नु पर्ने अन्तिम मिति २०८१/०७/२८ गतेको १२:०० बजेभित्र र बोलपत्र खोलुवा मिति सोही दिनको १३:०० बजे ।
३. **दरभाउपत्रको विवरण**

| सि. नं. | बजेट शीर्षक | कामको विवरण | लागत अनुमान रकम मु.अ.कर बाहेक | जमानत रकम रु. | बोलपत्र फाराम दस्तूर |
|---|---|---|---|---|---|
| १. | पशुपंक्षी आहार | पशुपंक्षीहरूको लागि दाना तथा आहार खरिद | १५,७१,६५२.१० | ४५,०००.०० | १०००.०० |

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# सस्तो लोकप्रियतामा स्वास्थ्यमन्त्रीको मोह

**स्वास्थ्यमन्त्री प्रदीप पौडेलले पछिल्ला समय केही लोकप्रिय कार्यक्रम घोषणा गरेका छन् । विशेषगरी सघन जलन उपचार सेवा निःशुल्क र १४ वर्षमुनिका बालबालिकाको क्यान्सर उपचार निःशुल्क गर्ने घोषणा । यी दुवै कार्यक्रम आर्थिक अवस्था कमजोर भएकाहरूका लागि फलदायी होला नै ।**

**नेपालमा हरेक वर्ष ७६ हजारको हाराहारीमा जलनका घटना हुँदै आएका विभिन्न तथ्यांकले देखाएको छ । आगोले पोलेको, ग्यास लिक भएर हुने जलन, एसिडको जलन, विद्युतीय जलन र आगोमा पकाइएका तथा उमालिएका चीजवस्तु पोखिएर जलनका घटना हुन्छन् । बालबालिकाको क्यान्सरको अवस्था पनि डरलाग्दो छ । नेपालमा हरेक वर्ष करिब १५ सय बालबालिकामा क्यान्सर देखिने गरेको स्वास्थ्य मन्त्रालयको तथ्यांक छ । यस्तो अवस्थामा सरकारले घोषणा गरेको यस्तो कार्यक्रम धेरै राम्रो हो । तर, यो भनेको राज्यले नागरिकलाई दिइने निःशुल्क सुविधा हो । यसले नेपाल सरकारलाई भार थोपर्छ र आलोचनाको माध्यम पनि बन्छ भनेर मन्त्रीले बुझ्नुपर्छ ।**

**पहिलो, नेताहरू आफूलाई चर्चामा ल्याउन हरेक चीज सित्तैमा बाँड्न उद्दत देखिन्छन् । ...नोथिङ इज फ्रि भन्ने जमानामा यस्ता सस्तो लोकप्रियताका लागि ल्याउने कार्यक्रमले राज्यको ढुकुटी रित्तिँदै गएको छ । यसको पछिल्लो उदाहरण हो कर्मचारीलाई दिइने पेन्सन र सामाजिक सुरक्षाभत्ता । अन्य विभिन्न भत्ता कार्यक्रम पनि अनगिन्ति छन् । गत असोज २ गतेमात्र स्वास्थ्यमन्त्री पौडेलले एक कार्यक्रममा यस्तै हो भने १० वर्षपछि नेपालले वृद्धभत्ता दिन नसक्ने बताएका थिए ।**

**दोस्रो हो, स्वास्थ्य बिमा । सरकारले हरेक नागरिकलाई स्वास्थ्य बिमा कार्यक्रम ल्याएर उपचार सहज बनाउने कार्यक्रम अगाडि बढाएको अवस्थामा नागरिकलाई दोहोरो कार्यक्रम भिडाउँदा दुवै कार्यक्रम असफल हुनसक्ने सम्भावना बढ्छ । अर्को विषय हो, क्षमता । जलन र क्यान्सर सित्तैमा उपचार हुने भएपछि आर्थिकरूपमा सक्षमहरू पनि यही सुविधाका लागि नेपालका अस्पतालमा भर पर्न सक्छन् । के नेपालका सबै अस्पताल यी रोगहरू निको पार्नसक्ने क्षमता छ त ? जबकि, एक जना सांसद डा. चन्द्र भण्डारी ग्यास लिक भएर भएको जलनमा परी घाइते हुँदा सुविधासम्पन्न भनिएको कीर्तिपुर बर्न अस्पतालमा उपचार हुन सकेन । यस्तो अवस्थामा सरकारले सस्तो लोकप्रियताको कार्यक्रम बनाउनुहुन्न । यसका लागि पूर्वाधारको तयारी, क्षमताको अभिवृद्धि, सरकारमाथिको विश्वसनीयता पहिले बढाउनु आजको आवश्यकता हो । स्वास्थ्यमन्त्री पौडेलमा केही गर्छु भन्ने हुटहुटी देखिन्छ, तर मुलुकको क्षमताअनुसार दिगो र कार्यान्वयनयोग्य कार्यक्रमभन्दा पनि सस्तो लोकप्रियतामा केन्द्रित देखिएका छन् । जुन राम्रो संकेत होइन ।**

## मननयोग्य

### चाणक्य नीति

गुरुका यस्ता वचन सुनेर अनायास नै विष्णुगुप्त (चाणक्य) लाई आफ्ना पिताको सम्झना आयो । उनलाई यस्तो लाग्न थाल्यो कि म अब आफ्नो प्रतिज्ञा अवश्य पूर्ण गर्न सक्छु ।

पण्डित राधामोहनले विष्णुगुप्तसँग भने- 'मेरा एउटा सहपाठी आचार्य पुण्डरीकाक्ष छन् जो आजकल तक्षशिलामा नै आचार्य पदमा छन । म उनका नाममा एउटा चिट्ठी लेखेर तिम्रो हातमा पठाइदिन्छु । ईश्वरले चाहे भने उनले तिम्रो प्रतिभाबाट प्रभावित भएर कुलपतिसँग तिम्रो प्रवेशका लागि अनुरोध अवश्य गर्नेछन् ।

अनि विष्णुगुप्त (चाणक्य) ले पत्र प्राप्त गरे र सहपाठीहरूसँग आँसु झार्दै झार्दै बिदाई र गुरूबाट आशीर्वाद लिएर तक्षशिलातिर प्रस्थान गरे ।

नम्रता र श्रद्धापूर्वक विष्णुगुप्तले भने- 'म अनाथ विष्णुगुप्त हुँ । विश्वविद्यालयमा विद्या आर्जन गर्ने इच्छा भएकाले हजुरका चरणको सेवा गर्न आएको हुँ र मैले राधामोहन गुरुजीबाट एउटा चिठी पनि ल्याएको छु' भनी चिठी आचार्यलाई दिए ।

चिठी हेरेर आउने व्यक्ति तेजिलो एवम् विलक्षण बुद्धिको भन्ने जानी खुसी भएर भने- 'मेरो काम प्रयत्न हो, ईश्वरले तिम्रो कल्याण गरून्, म प्रयत्न गर्छु, कुटीमा गएर विश्राम गर, बेलुका भेट हुन्छ अनि कुरा गरौंला' भन्दै आचार्यले एक शिक्षिकालाई नामले पुकार्दै खाने, बस्ने प्रबन्धको निर्देशन दिएर आफू पढाउने कक्षातिर लागे ।

प्राचार्य विद्यालयबाट फर्की आउँदा आपका रूखमुनि ढुंगामा बसी किताब पढिरहेका विष्णुगुप्तलाई देखी ज्यादै प्रभावित भए । वस्त्र बदली स्नान गर्न कुवातिर लागे । आचार्यले स्नानका लागि पानी निकालेको देखी विष्णुगुप्तले गुरुका हातको डोरी तान्दै भन्न लागे- 'गुरुका सेवामा म छँदाछँदै किन कष्ट गर्नुहुन्छ, मलाई हजुर पाल्नुभएको थाहा भएन, क्षमा पाऊँ, पानी म निकाल्छु ।' क्रमशः

# प्रजातन्त्रका लागि बन्दुक बोकेकी द्वारिकादेवी



■ डा. शोभाकर पराजुली

> द्वारिकादेवी समकालीन नेपाली राजनीतिको एउटा सशक्त नारी हस्ताक्षरमात्रै होइन, राजनीतिमा समावेशिताको सिद्धान्तलाई व्यावहारिकरूपमा सुरुआत गरिएको एक बलियो उदाहरण पनि हुन् । आज नेपालको राजनीतिक वा हरेक क्षेत्रमा महिला प्रतिनिधित्वको प्रारम्भिक चेतना र आधारस्तम्भ द्वारिकादेवी नै हुन् । जीवनको उत्तरार्द्धमा पारिवारिक एकलपन र पार्टीभित्रको कोपभाजनमा परेर उनी विरक्त भइन् र त्यस्तैमा देहत्याग गरिन् ।

वि. सं. २०१६ जेठ १६ गते बुधबारको तत्कालीन गोरखापत्र दैनिकले आफ्नो पहिलो पृष्ठमा शीर्षकमा समाचार छाप्यो । त्यसको मुख्य शीर्षक थियो 'नेपालको पहिलो निर्वाचित मन्त्रीमण्डल संगठित ।' अनि त्यसमा उपशीर्षकहरू राखिएको थियो- प्रधानमन्त्री श्री विश्वेश्वरप्रसाद कोइराला, उपप्रधानमन्त्री श्री सुवर्णशमशेर र उपमन्त्री पदमा महिला पनि ।'

त्यो उपशीर्षकमा 'महिला पनि' भनिएकी व्यक्ति द्वारिकादेवी ठकुरानी थिइन् । पहिलो जननिर्वाचित मन्त्रीमण्डलको नेतृत्व जननायक बिपी कोइरालाले गरेका थिए । त्यो मन्त्रीमण्डलमा बिपीले द्वारिकादेवी ठकुरानीलाई तत्कालीन 'स्वास्थ्य र स्वायत्त' मन्त्रालयको जिम्मेवारी दिएर उपमन्त्री बनाएका थिए ।

त्यतिबेलाको समय नै त्यस्तै थियो, विश्वका कतिपय राष्ट्रहरूमा पनि महिलालाई मतदानको अधिकारसमेत थिएन । नेपाली समाजमा पनि महिलालाई पढ्न लेख्नसमेत बन्देज गरिएको समयमा एउटा विकट ठाउँकी महिलालाई त्यो बेला बिपीले मन्त्रीसम्म बनाए । नेपालमात्रै नभएर द्वारिकादेवी सरकारमा पुग्ने दक्षिण एसियाकै पहिलो महिला थिइन् । देशमा प्रजातन्त्र स्थापनार्थ आफ्ना सबै निजी स्वार्थहरू त्यागेर द्वारिकादेवीहरू त्यो बेला क्रान्तिमा होमिए । त्यो पनि शिक्षा र चेतनाले पछि परेको नेपालको सुदूरपहाडको एउटा गाउँबाट ।

उनी डोटीको एउटा सम्पन्न ठकुरी कुलमा जन्मिएकी हुन् । त्यो बेला धनीमानीहरू घरमै गुरुहरू राखेर आफ्ना छोराछोरी पढाउने गर्थे । राणा शासनकालका बेला नेपालमा विद्यालयहरू खोल्ने र आमसर्वसाधारण नागरिकका छोराछारीले पढ्न लेख्न पाउने अधिकार थिएन । तथापि, ब्राह्मण वा त्यस्तै उच्च कुल तथा हुनेखानेहरूले घरमै गुरुहरू राख्थे । वा त्यस्तै सामाजिक रूपमा चलेका गुरुकुलहरूमा आफ्ना छोराछोरी पढाउँथे । त्यो बेलासम्म पनि नेपालमा छोरीहरूलाई पढाउनुपर्छ भन्ने मान्यता थिएन । तर, द्वारिकादेवीका मातापिताले भने घरमै संस्कृतका विद्वान राखेर आफ्ना छोराछोरी पढाउने काम गरे । त्यहीबेला द्वारिकादेवीले पनि गीता र महाभारतलगायतका ग्रन्थहरू पढिन् । आठ वर्षको उमेरमै उनले गीता र महाभारतका पाठहरू कन्ठस्थ पारेकी थिइन् । घरपरिवार नै शिक्षित र सम्पन्न भएका कारण द्वारिकादेवीको कलिलो मस्तिस्कमै राजनीति र चेतनायुक्त संस्कार हुर्किसकेको थियो । त्यसपछि किशोरावस्थामा उनको साथ संगत पनि त्यस्तै हुनपुग्यो । राजनीतिक परिवारमै उनको विवाह भयो । त्यसले पनि उनलाई प्रजातन्त्रको लडाइँका लागि प्रेरित गरेको थियो ।

उनका बुवा खरिदार थिए । परिवार शिक्षा र चेतनाले सुसंस्कृत थियो । सुदूरपश्चिमा दलित तथा पिछडिएका समुदायलाई शिक्षा र राजनीतिक चेतना बढाउने काममा उल्लेख्य काम गरेको देखिन्छ । डोटी सुदूरपश्चिमको शिक्षा र राजनीति तथा प्रशासनिक केन्द्र पनि थियो । त्यहाँ विभिन्न क्षेत्रका मान्छेहरू आउजाउ गरिरहन्थे । त्यही क्रममा उद्धवबहादुर चन्द र द्वारिकादेवीबीच प्रेम सम्बन्ध भयो र त्यो विवाहमा परिणत भयो ।

२००४ सालमै उनको नेतृत्वमा डडेलधुरामा हाइस्कुल स्थापना भएको थियो । त्यो बेला राणा शासनविरुद्ध विद्रोह चेतना बढिरहेको थियो र मानिसमा राजनीतिक चेतना बढ्न थालेको थियो । मुजफ्फरपुरमा बिपीसँग भेट भएपछि २००३ सालमै श्रीमान् श्रीमती दुवैले कांग्रेसको सदस्यता लिएका थिए । यसरी उनीहरू प्रजातान्त्रिक आन्दोलनबाट पार्टी राजनीतिमा जोडिए । २००७ सालमा उनका श्रीमान् उद्धवबहादुर जेल परे र ३२ दिनमा छुटे । २०१० सालमा उनको निधन भयो ।

आफैंमा त्यसरी पिछडिएको युगमा जन्मिएकी द्वारिकादेवीले समाजसेवा र राजनीतिमात्रै गरिनन्, देशमा प्रजातन्त्र स्थापनाका लागि उनले अरू क्रान्तिकारी योद्धाजस्तै बन्दुक नै बोकेर लडाइँमा होमिएकी थिइन् । बिपी कोइरालाको एक आह्वानमा उनले आफ्ना परिवारले राखेका बन्दुकहरू क्रान्तिकारी लडाकुहरूलाई दिइन् । त्यतिमात्रै होइन, उनले भारतमा निर्वासित रहँदा पनि नेपालका 'मुक्ति सेना'लाई हतियार व्यवस्थापनका लागि महत्त्वपूर्ण भूमिका निर्वाह गरेकी थिइन् । नेपाली कांग्रेसले राणा र राजासँग लड्दा दुईपटक सशस्त्र क्रान्ति गरेको थियो । त्यो बेला २००९ सालमा नेपाल मुक्ति सेनाका लागि आफ्ना देवर केशवहादुर चन्दबाट बारबोर बन्दुक पनि द्वारिकाले मुक्ति सेनालाई दिएर सहयोग गरेकी थिइन् ।

२००७ सालमा प्रजातन्त्र आए पनि नेपालमा राणा र कांग्रेस मिलेर बनेको अन्तरिम सरकारमात्रै थियो । त्यसैले नेपाली कांग्रेसले आमचुनावको माग गरिरहेको थियो । तर, दरबारले चुनाव गराउन चाहेको थिएन । त्यसपछि २०१४ सालतिर नेपाली कांग्रेसले भद्र अवज्ञा आन्दोलन गरेको थियो । त्यसपछि बाध्य भएर राजाले आमचुनावको घोषणा गरे । २०१५ सालमा नेपालमा पहिलोपटक आमचुनाव भयो र त्यसमा नेपाली कांग्रेसले देशभरिका धेरै सिटमा चुनाव जित्यो । चुनाव जित्नेहरूमध्ये द्वारिकादेवी पनि एक थिइन् । विभिन्न राजनीतिक दलहरूले भाग लिएको त्यो निर्वाचनमा जनताले नेपाली कांग्रेसलाई निकै लोकप्रिय मत दिएका थिए ।

बिपीका समकालीन नेता एनडी अर्थात् नारायणप्रसाद चटौतको २०१४ सालमा निधन भयो । सिमराबाट काठमाडौं आउने जहाज दुर्घटना भएर उनको निधन भएको थियो । उनकै स्थानमा २०१५ सालको आमनिर्वाचनमा नेपाली कांग्रेसले ६६ नम्बर निर्वाचन क्षेत्र डडेलधुराबाट द्वारिकादेवीलाई उम्मेदवार बनायो । यो चुनावमा दरबारियाहरूले बुथ कब्जा गरेपछि दोस्रो चरणमा मतदान भएको थियो । यो मतदानमा संयुक्त प्रजातन्त्र पार्टीका उम्मेदवार लक्ष्मीदत्त भट्टलाई पराजित गरेर द्वारिकादेवी विजयी भएकी थिइन् । त्यो चुनाव देशभरका कूल १०९ सिटमा भएको थियो । तीमध्ये नेपाली कांग्रेस ७४ सिट जितेर सबैभन्दा ठूलो पार्टी भएको थियो । त्यसबेला दरबार समर्थित राष्ट्रिय गोरखा परिषद्को १९, संयुक्त प्रजातन्त्र पार्टीको पाँच, नेपाल कम्युनिस्ट पार्टीको चार, आचार्य समूहको प्रजा परिषद्को दुई र अर्को मिश्र समूहको प्रजा परिषद्ले एक सिटमा जित भएको थियो । त्यो चुनावमा देशभरिबाट चार जना स्वतन्त्र उम्मेदवार विजयी भएका थिए । देशैभरि चुनावमा उम्मेदवार भएका सात जना महिलामध्ये द्वारिकादेवीले मात्रै फराकिलो मतान्तरले चुनाव जितेकी थिइन् ।

नेपाली कांग्रेसको त्यो लोकप्रियता र स्पष्ट दुईतिहाइ बहुमत आएको देखेपछि दरबार आफैं तर्सिरहेको थियो । त्यसैले फेरि राजा महेन्द्रले सरकार गठनको आह्वान नै गरेनन् । कांग्रेसको दबाबपछि राजाले सरकार गठनको आह्वान गरेका थिए । त्यसअघि नै द्वारिकादेवीको अध्यक्षतामा ललिता निवासमा बसेको बैठकले बिपी कोइरालालाई नेपाली कांग्रेसको संसदीय दलको नेता र सुवर्णशमशेरलाई उपनेतामा चयन गरेको थियो । त्यसपछि कोइरालाको नेतृत्वमा सरकार गठन भयो । तर, त्यसलाई पनि दरबारले धेरै टिक्न दिएन । समाजवादको लक्ष्य प्राप्तिमा बिपीको दूरदृष्टिबाट अत्तालिएको दरबारले जननिर्वाचित सरकारलाई दुई वर्ष नपुग्दै विघटन गरेर जननिर्वाचित प्रधानमन्त्री बिपीलगायत धेरै प्रजातान्त्रिक नेताहरूलाई जेल हाल्न थाले । २०१७ पुस १ गते राजा महेन्द्रले शासनसत्ता आफ्नो हातमा लिएर आफैंले राजकाज चलाउन थाले ।

राजाको प्रत्यक्ष राजकाज अर्थात् पञ्चायती शासन चल्न थालेपछि नेपालका राजनीतिकर्मीहरू फेरि भारत निर्वासनमा जान थाले । कतिपयलाई राजाले जेल हालिसकेका थिए । त्यही क्रममा दरबारले द्वारिकादेवीलाई पनि पञ्चायतको समर्थन गर्न लोभलालच देखाउन थाले । उनका नजिकका मानिसहरूका अनुसार त्यो बेला राजाले द्वारिकादेवीलाई तिमी ठकुरीकी चेली पनि हो । उपप्रधानमन्त्री दिन्छु दरबारको पक्षमा लाग्नु भनेर भने तर उनले मानिन् र बरु भारत निर्वासन नै रोजिन् । कलकत्तामा प्रवासमा हुँदा नै जयप्रकाश नारायणनले द्वारिकादेवीलाई प्रजातन्त्रप्रतिको इमान्दार नारी भनेर सम्मान गरेका थिए । यसबाट द्वारिकादेवी नेपाली राजनीतिमात्रै होइन, विश्वस्तरीय राजनीतिक मञ्चमा पनि उत्तिकै चर्चित र सम्मानित व्यक्तित्व थिइन् ।

त्योसँगै नेपाली कांग्रेसले फेरि पञ्चायतविरुद्ध आन्दोलनको घोषणा गऱ्यो । त्यो आन्दोलन सशस्त्र क्रान्तिमै परिणत हुन पुग्यो । कांग्रेसका नेताहरूले पञ्चायतविरुद्ध विभिन्न क्रान्तिका कार्यक्रम घोषणा गरे । त्यसैअनुसार ठाउँ अनि क्षेत्र तोकेर नेता तथा कार्यकर्ताहरूको जिम्मेवारी तोकियो । कांग्रेसले आफ्ना निर्वाचित सांसदहरूलाई पनि विभिन्न जिम्मेवारी दिएको थियो । सोहीअनुसार २०१९ सालमा निर्वासनमा रहेका नेपाली कांग्रेसका सबै सांसदहरूलाई आ-आफ्नो निर्वाचन क्षेत्रको पारितिर पर्ने भारतीय भूमिमै रहेर नेपालमा चलिरहेको प्रजातान्त्रिक आन्दोलनलाई सहयोग गर्न भनिएको थियो । पार्टीले सिमानामा बसेर क्रान्ति गर्नका लागि कार्यकर्ताहरूलाई हातहतियारसमेत दिएको थियो । पार्टीको निर्णयअनुसार द्वारिकादेवीलाई पनि थ्रीनट थ्री राइफलसमेत अरू चारवटा हतियार दिइएको थियो ।

यसरी द्वारिकादेवी समकालीन नेपाली राजनीतिको एउटा सशक्त नारी हस्ताक्षरमात्रै होइन, राजनीतिमा समावेशिताको सिद्धान्तलाई व्यावहारिकरूपमा सुरुआत गरिएको एक बलियो उदाहरण पनि हुन् । आज नेपालको राजनीतिक वा हरेक क्षेत्रमा महिला प्रतिनिधित्वको प्रारम्भिक चेतना र आधारस्तम्भ द्वारिकादेवी नै हुन् । जीवनको उत्तरार्द्धमा पारिवारिक एकलपन र पार्टीभित्रको कोपभाजनमा परेर उनी विरक्त भइन् र त्यस्तैमा देहत्याग गरिन् । द्वारिकादेवीको जन्मजयन्तीको अवसरमा उनी र समकालीन क्रान्तियोद्धाहरूलाई हार्दिक श्रद्धासुमन । *रासस*

*(लेखक राजनीतिक विश्लेषक हुन्)*




# मान्छे बिक्रीमा !

पशुपतिनाथलाई एक फन्को घुमेर साहिँली मूल गेटको दक्षिणतर्फको ढुंगे थाममा अडेस लागेर पुनः पशुपतिनाथको गजुरलाई १० औंला जोडेर नमस्कार गर्छिन् । आँखा चिम्म छ । तर, आँखाबाट बलिन्द्र आँसु झरिरहेको छ । उसको छेवैमा ९-१० वर्षकी छोरी कुर्थाको फेरो समातेर ठाडो घाँटी लगाएर आमाको अनुहार हेर्छिन् ।

आमाका आँखाबाट आँसु थामिएको छैन । सायद उनी पशुपतिनाथको गजुरलाई स्मरण गर्दै मनमनै केही माग्दै छिन् । भगवान् मलाई यो दुःखबाट पार गर्दिनुहोस् । ती अबोध बालिकाले आफ्नै आमा मन्दिरमा आएर किन यसरी बलिन्द्र धारा आँसु झारिरहेकी छन् भन्ने कुराको हेक्का राख्नसक्ने भएकी छैनन् ।

आँखाबाट बगिरहेको आँसुलाई कुनै ख्याल नगरी विस्तारै साहिँली आँखा खोल्छिन् । थचक्क बसेर छोरीलाई च्याप्प समाउँछिन् । अँगालोमा हाल्छिन् । भित्रभित्रै फुटेको ज्वारभाटाको रोदन बलिन्द्र आँसुमै मिसाएर मुख्य ढोकाबाट बाहिरिन्छिन् ।

छोरी बोकेर मन्दिरबाट बाहिरिएकी साहिँलीलाई बिदाइ गर्न अन्तर्राष्ट्रिय विमानस्थल केही आफन्तहरू खादा र माला लिएर उभिएका छन् । चार-पाँच जना महिलाले उनलाई खादा र माला लगाइदिन्छन् । सानी छोरी टुलुटुलु हेरिरहेकी मात्र छिन् । छोरीको अनुहारमा कुनै भाव देखिएको छैन ।

माला र खादा लगाउनेहरूले अहिलेको आधुनिक पाराले तस्बिर खिचाउँछन् । निकै खुसी भएकोजस्तो गर्छन् । तर, साहिँलीले मनभित्रबाट उठेको ज्वारभाटा थाम्न सकेकी छैनन् । भित्रैबाट उसको रोदनले आँसुका भेल बगाउँछ ।

आमा भक्कानिएर रोएपछि छोरी पनि भक्कानिन थाल्छे । सँगै रहेकी अर्की एक महिलाले छोरीलाई समाउँछिन् । केही बेरअघिसम्म निकै खुसी देखिएका ती महिला पनि छोरीको रुवाइले अनुहार मलिन बनाउन बाध्य हुन्छिन् ।

साँझ क्रमशः राततिर ढल्कँदै छ । विमानस्थल प्रांगणमा खादा, माला लगाएर मुस्कुराउने पनि छन् । उच्च शिक्षाका लागि विदेश जानेहरू आफन्तहरूसँग फोटो खिचाइरहेका छन् । अनि रोजगारीका लागि विदेश जानेहरूका बा आमा पिलपिल आँसु आँखाका डिलभरि पारिरहेका छन् ।

साहिँली पनि उही अवस्थामा छिन् । बिदाइ गर्न आएकाहरूले लगाइदिएको त्यही मालासँगै करुणा भावमा पीडा पोख्नेहरूको उस्तैउस्तै भीड क्रमशः बढ्दै गइरहेको छ ।

साहिँली आफ्नो ब्यागबाट एजेण्टले दिएको टिकट र पासपोर्ट निकाल्छिन् । कुनै जोसजाँगरसहित उनी घरदेश छाडिरहेकी छैनन् । 'दिदी मेरो भाग्य नै यस्तै रहेछ, कलकलाउँदी छोरी छाडेर जाँदै छु । जिउँदै फर्किएँ भने त सुखसँग यसलाई पालौंला अन्यथा भयो भने सम्हालिदिनुहोला,' उनी भक्कानो छाड्छिन्, 'छोरी तपाईंहरूको जिम्मा लगाएँ ।'

आँखाबाट आँसु झरिरहेको छ, निरन्तर । साहिँली छोरीको म्वाइँ खान्छिन् । छोरी डाको छोडेर रुन्छे । छोरीको रुवाइले साहिँलीको मन झन् कुडिन्छ । तर, छोरीलाई छाडेर जानुपर्ने उसको बाध्यता थियो । त्यही बाध्यतामा घरदेश छाडेर परदेश पुगेका पति वियोग साहिँलीले खेप्नुपरेको थियो ।

अहिले साहिँली पनि पर्यटक भिसामा एजेण्टमार्फत परदेश जाँदै छिन्, कल्कलाउँदी छोरी छाडेर । छोरीले साहिँलीको दाहिने हात च्याप्प समातेकी छन् । उनी आफ्नै प्राणभन्दा प्यारी आमालाई छाड्न चाहिरहेकी छैनन् । तर, साहिँली नचाहँदा नचाहँदै पनि छोरीको हात छाडेर परदेशको यात्राका लागि त्यही भीडको लाइनमा रुँदै छिर्छिन् ।

साहिँलीले छोरीको हात छाडे पनि छोरीको रुवाइ अझ चर्किन्छ । केही पर बसेका एजेण्टहरूले साहिँलीलाई इशारा गरिरहेका छन् । उनी त्यही इशाराबाट साहिँलीले करुण हाँसोमा आँसु झार्दै छोरी र छोरी सुम्पिएका अन्यलाई हात हल्लाउँदै बिदा हुन्छिन् ।

बाहिर प्रांगणमा मात्र हैन, भित्र पनि उत्तिकै भीडभाड छ । साँझको समय अन्तर्राष्ट्रिय विमानस्थलको चाप पनि निकै नै छ । साहिँलीजस्ता अरू धेरै छन् । लाखौं खर्चिएर उच्च शिक्षाका लागि विदेश जाने र सकेसम्म नफर्कनेको एउटा समूह छ भित्र । अनि फाटेको जुत्ता लगाएर देशलाई रेमिटचान्स भित्र्याउन म्यानपावरको इजाजत लिएर जानेहरूको पनि उस्तै समूह देखिन्छ । तर, त्यहीभित्र पर्यटक भिसामा प्रवेश गरी आफ्नो जीविकालाई केही भरथेक गर्न खोज्ने साहिँलीहरूको पनि उस्तै समूह देखिन्छ । अरू दुईलाई भन्दा साहिँलीजस्ता समूहलाई डर छ । कतै भित्रै पो अड्किनुपर्ने हो कि ? वा तुरुन्त फर्काइनुपर्ने हो कि ?

देशबाट मान्छे बेच्ने अनेक दाउ रहेछन् । गैरकानुनी ढंगले मान्छे बेच्नेहरू अहिले पर्यटक भिसामा रमाउँदा रहेछन् । उनीहरूलाई नीलो कोटेहरूले मिठो अंकमालमा रमाउँदा रहेछन् । म्यानपावरबाट वैधानिक मार्गबाट मान्छे बेचिँदा त सरकारले केही गर्न नसकिरहेको अवस्थामा गैरकानुनीरूपमा मान्छे बेचिँदा त्यसको कसरी भविष्य बन्ला र !

धेरै साहिँलीहरूलाई पर्यटन भिसा लगाएर एजेण्ट, नीलोकोटेहरूको सहकार्यमा विदेश पुऱ्याउने गरिन्छ । साहिँली पनि त्यसैगरी एयरपोर्ट पार भइन्छ कि भईँदैन भन्ने चिन्तामा थिई । रात छिप्पिँदै गर्दा अध्यागमन भन्ने काउण्टरमा झेल हुने रहेछ । सेटिङ मिलाएर साहिँलीजस्तालाई पार गराउने गरिँदो रहेछ । एजेण्टको सेटिङबाटै मध्यरातमा साहिँलीले सानो गोरेटोको ठूलो भड्खालो पार गर्न सफल भई । त्यसो गर्दा पनि ऊ ठूलो युद्ध जितेजस्तै थिई ।

आखिर साहिँलीजस्ता हजारौं यसैगरी मध्यरातमा अध्यागमनको भड्खालो पार गर्दा रहेछन् । आखिर मान्छे बेच्ने देशजस्तै त भयो । धन्य बूढापाकालाई कसैले किन्दैन र मात्र । बच्चाहरू धर्मपुत्र धर्मपुत्रीका रूपमा बेचिन्छन्, युवाहरू श्रमिकका रूपमा बेचिन्छन्, अनि साहिँलीहरूलाई पर्यटक बनाए बेच्नेहरूको पनि लस्कर नै देखिन्छ ।

देशको मुहार फेर्ने भन्दै युवा बेच्नेहरूलाई साहिँलीकी छोरीहरूको मनले कति सराप्दो होला । घरदेशमै रमाउन नदिएर परदेश धकेल्नेहरूलाई ती परदेशीको आँसुले पोल्ला कि नपोल्ला ? आखिर कहिलेसम्म यसरी देशले मान्छे बिक्री गरिरहने होला ?

'जुन जोगी आए पनि कानै चिरेका' भनेजस्तै साहिँलीहरूले घरदेश छाडेर जानुपर्ने बाध्यतालाई तोड्नसक्ने कुन जोगी आउँला ? मान्छे बिक्री गर्ने पसल कहाँबाट सञ्चालित छ, अनि परिचालित छ ? नीलो कोटेहरूले त्यो अध्यागमनको भड्खालो पार गराउँदै धन्दा असुल्ने दिनको अन्त्य नभएसम्म बुद्ध जन्मेको देशका मानिसहरू हिमालझैं अटल नभई बिक्री भइनै रहन्छन् । बिक्री गरिनै रहन्छन् । मान्छे बेच्नेको जय होस् !!

# परम्परागत पेसा संरक्षण गर्न सरकारको सहयोग खोज्दै कोहार समुदाय

■ राधेश्याम विश्वकर्मा

**भैरहवा (रूपन्देही)–** रोहिणी गाउँपालिका-३ धकधइका सोहन कोहारलाई हाल माटोको पाला बनाउन भ्याइनभ्याइ छ। परिवारमा सोहन र मोहन दुई दाजुभाइ हुन् । बुवा राधे कोहारको मृत्युपछि हाल यी दाजुभाइले पुर्ख्यौली पेसा सम्हालिरहेका छन् । बुवा व्यावसायिक हुन नसके पनि यी दाजुभाइले पुर्ख्यौली पेसालाई व्यावसायिक बनाएका छन् ।



तिहार आउन तीन दिनमात्र बाँकी हुँदा दुवै भाइलाई बत्ती बाल्न प्रयोग हुने माटोको पाला बनाउन र त्यसलाई बिक्री गर्न भ्याइनभ्याइ छ । माग र लगन दुवै उत्तिकै भए पनि यही पेसाले चार जनाको परिवार पाल्दै आएका मोहनले माटो, दाउरालगायत आवश्यक सामान नपाइँदा समस्या भइरहेको बताए । परासी, बुटवल, भैरहवा, खैरेनी र स्थानीय बजारमा पालाको माग रहेको उनको भनाइ छ । रूपन्देहीको धकधईमा यो पेसा गर्दै आएका करिब ३० परिवार छन् ।

तिहारलाई उज्यालो पर्वको रूपमा लिइने हुँदा दीपावली पनि भन्ने गरिन्छ । तिहारमा माटोको पालामा बत्ती बाल्ने पुरानो चलन अझै पनि कायमै छ । यद्यपि, पालामा तेल हालेर बत्ती बाल्ने प्रचलनलाई आधुनिकतासँगै आएको विद्युतीय बत्तीले प्रभाव पारेको छ ।

मोहन र सोहनलाई मात्रै होइन अन्य समयभन्दा तिहारका समयमा अत्यधिक बिक्री हुने भएकाले धकधई गाउँका सबैजसो घरपरिवारलाई पाला बनाउन नभ्याइनभ्याइ छ । ४५ वर्षीय वैजनाथ कोहारको पनि यस वर्षको तिहारमा साना ठूला गरी ५० हजार पाला बिक्री गर्ने लक्ष्य छ । उनी भन्छन्, 'अन्य समयभन्दा हामी अहिले बढी व्यस्त छौं, दुई महिनादेखि नै पाला बनाउन लागेका छौं, यो हाम्रा लागि उपयुक्त समय हो । तीन पुस्तादेखिको यो पेसालाई मैले पनि निरन्तरता दिँदै आएको छु ।'

वि.सं. २०५५ देखि वैजनाथले निरन्तर माटोको पालालगायतका अन्य सामग्री बनाउदै आएका छन् । सामान बनाउन सके बिक्री गर्न त्यति गाह्रो नभएको उनको अनुभव छ । 'पहिला पोखरासम्म पालालगायतका सामान जान्थ्यो, अहिले यही स्थानीय बजार भैरहवा, बुटवल, मणिग्राम, परासीलगायतबाट व्यापारी आएर लैजान्छन् । मिहेनत बढी छ, कमाइ कम छ तर खुसी छौं, यही पाला बनाएर जीविकोपार्जन भएको छ,' वैजनाथले भने, 'पेसा बचाउन र निरन्तरताका लागि सरकारबाट पनि केही सहयोग भए राम्रो हुन्थ्यो । अहिलेसम्म कुनै सहयोग पाएका छैनौं । कम्तीमा विद्युत् मोटरबाट चल्ने एउटा चक्की सहयोग गरिदिएको भए राम्रो हुने थियो ।'

सोही गाउँका मनोहरप्रसाद कोहारले पाला बनाई बिक्री गर्न लागेको २५ वर्ष भयो । उनलाई सानो पाला सय कडा पाँच रूपैयाँ र ठूलो पाला २५ पैसा प्रतिगोटामा बिक्री गरेको स्मरण छ । अहिले सानो पाला ३० रूपैयाँ दर्जन र ठूलो पालाको मूल्य १० रूपैयाँ गोटा पुगेको छ । हाल उनलाई पनि पाला बनाउन भ्याइनभ्याइ छ । 'पालामा बत्ती बाल्ने प्रचलन अझै कायमै छ, त्यसैले अन्य समयमा हामीले राम्रो कारोबार गर्न नसके पनि तिहारको बेला ठीकै छ। यो पेसाबाट पाँच जनाको परिवारको गुजारा चलेको छ ।' यसपटकको तिहारमा ८० हजार रूपैयाँभन्दा बढीको पाला बिक्री गर्ने आफ्नो लक्ष्य रहेको उनले सुनाए । मनोहरले नयाँ पुस्तामा पेसा हस्तान्तरणमा गर्नका लागि स्थानीय तहबाट सहयोग, तालिमको व्यवस्था गरिनुपर्नेमा जोड दिए ।

पालालगायत माटाका अन्य सामान बनाउन प्रयोग हुने माटो एक ट्रलीकै तीन हजार रूपैयाँसम्म पर्दछ। दाउरा पाउन पनि समस्या नै छ । रोहिणी गाउँपालिकाका अध्यक्ष विद्याप्रसाद यादवले अबको वार्षिक कार्ययोजनामा यो विषयमा ध्यान दिई पेसा संरक्षणका लागि आवश्यक सहयोग गर्ने बताए । उनले यस्ता पराम्परागत पेसालाई जोगाउन गाउँपालिकाले कार्ययोजना बनाइ आवश्यक बजेट विनियोजन गर्ने बताए ।

माटोका पालालगायतका अन्य सामान बनाउने पेसामा आश्रित कोहार समुदाय आफूहरूलाई बजारभन्दा पनि माटोको वस्तु बनाउने परम्परागत चक्कीको साटो विद्युतीय मोटर, माटोमा अनुदान र तालिम प्रदान गरे यो पेसा सुरक्षित हुनुका साथै पुस्तान्तरणमासमेत सहयोग पुग्ने बताउँछन् । *रासस*

# सीमान्तकृत समुदायलाई घरबासमार्फत रोजगारसँग जोडिँदै

**ढोरपाटन (बागलुङ)-** बागलुङको काठेखोलाका सीमान्तकृत महिला तथा युवालाई घरबास (होम-स्टे)मार्फत रोजगारसँग जोड्न थालिएको छ। गाउँपालिका वडा नं ३, ५, ७ र ८ का करिब १०० महिला तथा युवालाई रोजगारसँग जोड्न थालिएको हो ।



यहाँ गाउँपालिकासँगको साझेदारीमा संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडिपी) नेपालको आर्थिक सहयोग र नेपाल गाजा डेभलपमेन्ट फाउण्डेशन बागलुङको व्यवस्थापनमा रोजगारी सिर्जनाका लागि कार्यक्रम सञ्चालन भइरहेको छ।

बसाइँसराइले उजाडिन थालेको गाउँमा घरबासमार्फत रोजगारी सिर्जना हुन थालेपछि स्थानीय उत्साहित भएका छन् । पर्यटकीय सम्भावना बोकेका वडा नं ३ को धम्जा देउराली, ५ को बिहुँ, ७ को बौर र ८ को लेखानी गाउँका स्थानीयलाई घरबास सञ्चालनका लागि प्रेरित गरी रोजगार सिर्जना गर्न थालेको काठेखोला गाउँपालिकाका अध्यक्ष राजु थापाले बताए ।

बसाइँसराइले सुनसान बन्दै गएपछि घरबास सञ्चालनपछि धेरैलाई गाउँ फर्काउन सकिने अपेक्षा लिएको उनको भनाइ छ । अध्यक्ष थापाले भने, 'गाउँपालिकाले बसाइँसराइ रोक्नका लागि रोजगार सिर्जना गर्ने योजना बनाएको थियो, हाम्रो योजनालाई गैरसरकारी संस्थाले पनि सहयोग गर्नुभयो, सोहीअनुसार यस वर्ष चार वडामा घरबास सञ्चालन गरेका छौं, गाउँमै बसेर केही गर्न चाहने युवा र महिलालाई यसले ठूलो मद्दत गरेको छ, अन्य वडामा पनि सुरु गर्ने योजना छ ।'

हाल पालिकाका चार स्थानमा सामुदायिक एग्रो घरबास सञ्चालन गरेको नेपाल गाजा डेभलपमेन्ट फाउण्डेशनकी कार्यक्रम प्रबन्धक ममिता पुनले जानकारी दिइन् । घरबास सञ्चालकलाई पाक कला, घरबास व्यवस्थापन, स्थानीय उत्पादनको प्रशोधन र प्याकेजिङ तालिम दिएको उनले बताइन् । 'घरबास सञ्चालनका लागि हामीले सञ्चालकलाई तालिम दिएका छौं, गाउँमै जैविक उत्पादनका लागि प्लास्टिक टनेल, प्याकेजिङ मेसिन, तरकारीको बीउ र ड्राइमेसिन उपलब्ध गराएका छौं,' पुनले भनिन्, 'सहयोग पाएपछि धेरै दाजुभाइ दिदीबहिनी उत्साहित भएर लाग्नुभएको छ, उहाँहरूलाई आयआर्जनसँग जोड्नका लागि निरन्तर सहयोग गर्दै जाने छौं ।'

बौर सामुदायिक होमस्टेका अध्यक्ष होमबहादुर पुनले गाउँपालिका र संघसंस्थाबाट पाएको सहयोगले आफूहरूलाई उत्पादनमा लाग्न प्रेरणा मिलेको बताए । संस्थाले दिएको तालिमले समुदायलाई एकताबद्ध भएर व्यावसायिक बन्न सिकाएको उनको भनाइ छ । हालै स्थापना गरेको घरबासलाई अब प्रचारप्रसार गर्ने र पाहुना भित्र्याउनतर्फ लाग्ने अध्यक्ष पुनले बताए । *रासस*

## साउदीमा रोजगार

कम्पनी : Ridha Saleh Bin Moeid Al Sharmah General Contracting Establishment

पूर्व स्वीकृति मिति : २०८१/०१/१८ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०७/१२ | LT. No. 304064 | चलानी नं. ६०२१८८५२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 1 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कार्तिक २० गते (5th Nov. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

EQUATOR INTERNATIONAL (P) LTD. Govt. License No. 746/064/065

**EQUATOR INTERNATIONAL P LTD**
Gongabu-5, Kathmandu, Nepal, Contact: +977-1-4986469, 1-4986470, Mobile: 9851096808, 9851034986, 9851011886
E-mail : equator746@gmail.com, Web: www.equatorintl.com

## कुवेतमा रोजगार

कम्पनी : LIVE LIFE RESTAURANT & CAFE CO | सेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८०/०८/०८ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०७/१२ | LT. No. 301603 | चलानी नं. ६०२१६४९६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CHEF ASSISTANT/COOK | 7 | 0 | 150 | ६५,७७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Waitress | 0 | 3 | 130 | ५७,००५ | | | | | | | |

कम्पनी : Chapati Rashid Restaurant

पूर्व स्वीकृति मिति : २०८०/०२/२३ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०७/१२ | LT. No. 287312 | चलानी नं. ६०२०२६५४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Casher/receptionist | 3 | 0 | 120 | ५२,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cook/chef Assistant. | 3 | 0 | 120 | ५२,६२० | | | | | | | |
| 3 | Sandwich Maker | 3 | 0 | 120 | ५२,६२० | | | | | | | |
| 4 | Waiter/helper/indoor Worker | 5 | 0 | 110 | ४८,२३५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कार्तिक २० गते (5th Nov. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075

## युएईमा रोजगार

कम्पनी : AGILE EXPERTS BUILDING CONTRACTING(Br of RWAD ALMUSTAQBEL BUILDING CONTRACTING

पूर्व स्वीकृति मिति : २०८१/०७/०८ | LT. No. 312428 | चलानी नं. ६०२२७२४९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour (building Projects) | 15 | 0 | 1200 | ४३,९२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Reinforce Fitter Assistant | 16 | 0 | 1200 | ४३,९२० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कार्तिक २० गते (5th Nov. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SUN RAY GLOBAL OVERSEAS PVT. LTD.**
Kathmandu-9, Sinamangal. Tel: +977-1-4560974, 4564202,
Email: sunray918@gmail.com, srgoverseas@gmail.com
LIC No. 918/067/68

## साउदीमा रोजगार

कम्पनी : THE THREE BROTHERS FOUNDATION FOR SUPPORT SERVICE

पूर्व स्वीकृति मिति : २०८१/०७/०९ | LT. No. 312787 | चलानी नं. ६०२२७२४८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Tea Coffee Maker | 1 | 0 | 1500 | ५३,६९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कात्तिक २० गते (5th Nov. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**RECENT JOB PLACEMENT PVT. LTD**
Tokha Municipality-05, Basundhara-8, Kathmandu Tel: +977-1-4390467,4355536
Email: recentjobplacement@gmail.com.np, Website: www.recentjobplacement.com
श्रम ईजाजत नं. १३१८/७४/७५

## श्री सैनिक कमाण्ड तथा स्टाफ कलेज, शिवपुरी ब्यारेक काठमाडौं

**कार्यालय, मसलन्द, तालिम तथा विविध सामाग्रीहरू खरिद सम्बन्धी बोलपत्र आव्हानको सूचना**

(पहिलो पटक प्रकाशित मिति २०८१/०७/१३ गते)

१. यस कलेजको लागि आ. व. ०८१/८२ को अवधिभर आवश्यक पर्ने कार्यालय, मसलन्द, तालिम तथा विविध सामाग्रीहरू आपूर्ती गर्नका लागि e-GP प्रणालीद्वारा बोलपत्र पेश गर्न यो बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | सामानको विवरण | परिमाण | बोलपत्र | | | | | कै. |
|---|---|---|---|---|---|---|---|---|
| | | | बोलपत्र जमानत रु. | दस्तुर रु. | मान्य हुने अवधि | दर्ता गर्ने अन्तिम मिति र समय | खोल्ने मिति र समय | |
| NA/ACSC/MISC/ ०८१/०८२/०२ | कार्यालय, मसलन्द, तालिम तथा विविध सामाग्रीहरु | बोलपत्रको कागजातमा उल्लेख भए अनुसार | १,१२,०००।०० | ३,०००।- | ९० दिन | २०८१।०८।१३ गते १२:०० भित्र | २०८१।०८।१३ गतेको १३:०० | |

२. बोलपत्र सम्बन्धी विस्तृत जानकारी श्री सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाइट www.bolpatra.gov.np/egp मा राखिएको छ ।
३ बोलपत्र सम्बन्धी थप जानकारीको लागि यस कलेजको फोन नं. ०१-५२४८०३३, ०१-५२४८०६६ मा सम्पर्क राख्न सकिनेछ ।

## दोधारा चाँदनी नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
दोधारा-चाँदनी, कञ्चनपुर
सुदुरपश्चिम प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति : २०८१/०७/१३**

यस कार्यालयबाट मिति २०८१/०५/१९ गते राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरुको मूल्याङ्कन गर्दा तपशिल बमोजिमका बोलपत्रहरु न्यूनतम मुल्याङ्कित सारभुत रुपमा प्रभावग्राही भई मूल्याङ्कन समितिबाट स्वीकृतको लागि सिफारिस भै आए बमोजिम सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) तथा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| सि. नं. | ठेक्का नं. | कामको बिवरण | छनौट भएको बोलपत्रदाता | कबोल अंक (मु.अ.कर, पि.एस बाहेक) | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०३/BTCW/ २०८१/०८२ | एन.टि.सि. टावर-सृजना मेडम, ओलि टोल सडक, पथ्थरनाला पुल-जेगवुडा सडक कालोपत्रे निर्माण योजना, वडा नं ०६ | श्री हुनैनाथ/पदम जे.भि. कंचनपुर | रु. १,२९,६०,२८६।०० | |

**प्रमुख प्रशासकीय अधिकृत**

## उदयपुरगढी गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
उदयपुरगढी, उदयपुर
कोशी प्रदेश, नेपाल

**बोलपत्र तथा शिलबन्दी आव्हान सम्बन्धी सूचना**

प्रथम पटक पत्रिकामा सूचना प्रकाशित मिति: २०८१/०७/१३

१. उदयपुरगढी गाउँपालिकाको आ.व. २०८१/०८२ का लागि स्वीकृत कार्यक्रमबाट तपशिल बमोजिमका निर्माण कार्यहरू गर्नुपर्ने भएकोले इजाजत प्राप्त फर्म/कम्पनिहरूलाई उल्लेखित शर्तहरूको अधिनमा रहि रीतपूर्वक विधुतीय खरिद प्रक्रिया (E-bid) मार्फत सहभागी हुन जानकारीको लागि योबोलपत्र तथा शिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना प्रकाशित गरिएको छ ।

| क्र. सं. | ठेक्का नं. र प्रकार | कामको विवरण | लागत अनुमान रकम (VAT सहित रु.) | बोलपत्र जमानत रकम रु. | बोलपत्रखरिद रकम रु. | बोलपत्र बुझाउने अन्तिम मिति | बोलपत्र खुल्ने मिति | रकम जम्मा सम्बन्धि विवरण |
|---|---|---|---|---|---|---|---|---|
| १ | URM/NCB/ Works/ 01-2081/82 | Construction of Udayapurgadhi-5 (Gadhi-Keureni-Kurkuntar Samma) Uttam Marga Naala tatha Sadak Nirman | ६३,३३,३२१.९७ | १,५०,००० | ३००० | २०८१-८-१३ समय: १२:०० बजे | २०८१-८-१३ समय: १३:०० बजे | सानिमा बैंक, राजस्व खाता नं.:- १२४०१००४००००००१ धरौटी खाता नं.:- १२४०१००४०००००१५ गढीशाखा, उदयपुरगढी |
| २ | URM/SQ/ Works/ 01-2081/82 | Damaidada-Haatikharka-Bataar Sadak Nirman Ward No.1 | ९,४८,८१७.८१ | २५,००० | १,००० | २०८१-७-२८ समय: १२:०० बजे | २०८१-८-२८ समय: १३:०० बजे | |
| ३ | URM/SQ/ Works/ 02-2081/82 | Raitima Mahabote Hudai thulo Dhungre Jodne Sadak & Jaruwa Bandukepaakha Simaldada Jodne Sadak Nirman Ward.03 | १०,६१,१९४.७० | २७,५०० | १,००० | | | |

नोट:- बोलपत्र तथा शिलबन्दी दरभाउपत्र सम्बन्धि विस्तृत जानकारीको लागि यस कार्यालयको वेव साइट www.udayapurgadhimun.gov.np हेर्नुहुन अथवा कार्यालयको सम्पर्क नं. ९८५२०४६९००/९८५२८३५२७९/९८४५२३०८२७/९८४००३२६८२ मा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

प्रभाव दैनिक

मंगलबार, १३ कात्तिक २०८१ (Tuesday, October 29, 2024)

रूपशाला

### मौलिक देउसी गीत 'तिहारको रमाइलो' सार्वजनिक

गीतकार डी.पी दाहाल 'परिश्रमी'को मौलिक देउसी गीत 'तिहारको रमाइलो' सार्वजनिक भएको छ । नजिकिँदै गरेको तिहारलाई लक्षित गर्दै सार्वजनिक गीतमा सविन लिम्बुको संगीत तथा सविन लिम्बु, रोजिना बस्नेत र डि.पि. दाहालको स्वर छ । नेपाली चाड र संस्कृतिको जगेर्ना गर्दै मनोरञ्जन दिने हिसाबले छमछमी नाच्दै, मिठो देउसी भट्याउँदै ल्याइएको मौलिक देउसी गीतको म्युजिक भिडियोमा स्मारीका ढकाल, सुरेश कोइल लगायतको अभिनय छ ।



# सांगीतिक उचाइ चुम्दै बराल



■ प्रभाव संवाददाता

**काठमाडौं–** कास्की पोखराका स्थानीय वासिन्दा महेन्द्रराज बराल अहिलेका ब्यस्त गायकको पहिचान बनिसकेको छ । उनी विगत लामो समय देखि सांगीतिक क्षेत्रमा निरन्तर सक्रिय रहँदै आएका छन् । नेपाली गीत संगीतको क्षेत्रमा उनले आफ्नो विशिष्ट र उत्कृष्ट योगदान पुऱ्याउँदै अगाडि बढिरहेका छन् भने नेपाल म्युजिक भिडियो निर्देशक समाजको मानार्थ सदस्य पनि छन् ।

भ्वाइस अफ चितवन २०८१ का निर्णायक मध्यका एक गायक बराल आफ्नो अथक मिहेनतसँगै गीत संगीतप्रतिको लगाव र घर परिवारको साथ र समर्थनले उनको सांगीतिक यात्रा थप बलियो र प्रभावशाली बनाएको छ । महेन्द्रराजको गीतहरू र सांगीतिक प्रतिभाले उनलाई नेपाली गीत संगीतको क्षेत्रमा महत्वपूर्ण स्थान दिलाएको छ । परिवारको प्रेरणा र अडिग समर्थनले गर्दा उनको सांगीतिक यात्रा अझ सशक्त, समृद्ध र प्रभावशाली भएको छ ।

महेन्द्रराज बरालको परिश्रम, समर्पण र संगीतप्रतिको अडानले गर्दा सांगीतिक उडानमा उनलाई सफलता हात लाग्दै गएको छ । बरालले गाएका अधिकांश गीतहरू जनसमुदायमा अत्यन्तै लोकप्रिय भएका छन्, जसले उनको सांगीतिक करियरलाई विशेष उल्लेखनीय स्थान प्रदान गरेको छ र उनले विभिन्न एल्बमहरू पनि बजारमा ल्याइसकेका छन् ।

अधिकांश समय नयाँ-नयाँ गीतमा स्वर भर्न ब्यस्त रहँदै आएका बरालका केही चलेका गीतहरूमा मृत्युवरण, निगालोको डोको, सानु माया, तिमीलाई उपहार, खुसि बाँडे बढ्छ खुसि, बोलिदेउ सान्नानी, नभए साहारा, रुमालै चिनो, धोई धोई लगायत दर्जनौ रहेका छन् ।

गायन यात्राको सुरुवाती समयमा गाउँघरमा आयोजना हुने सांस्कृतिक कार्यक्रमले उनलाई गीतसंगीतको क्षेत्रमा लाग्न प्रेरणा प्रदान गरेको बताउने बरालले यस क्षेत्रको विकास र समृद्धिमा पुऱ्याएको योगदानको उच्च मुल्यांकन गर्दै 'पाँचौं ज्योती फिल्मस् म्युजिक अवार्ड २०२३' बाट सम्मानित गरियो भने बिभिन्न संघसंस्थाले अन्य सम्मान र अवार्डबाट समेत उनलाई बिभुषित गरिसकेको छ । उनको निरन्तर परिश्रम र समर्पणको फलस्वरूप गायक बराल आज एक पछि अर्को सम्मान र सफलता चुम्न सफल भएका थिए ।

भविष्यमा पनि बराल यसै सांगीतिक क्षेत्रमा रहन र अझ प्रगति गर्नका लागि दृढ योजनामा छन्, जसका कारण उनका गीतहरू दर्शक र श्रोतामाझ अत्यन्तै मनपराइएको छ ।

# 'जेरी अन टप'को छायांकन सुरु

■ प्रभाव संवाददाता

**काठमाडौं–** अनमोल केसी र जसिता गुरुङ स्टारर फिल्म 'जेरी अन टप'को छायांकन सुरु गरिएको छ । सोमबार बिहान पाटनस्थित बगलामुखी मन्दिरमा फिल्मको शुभ मुहूर्त गरेसँगै फिल्मको छायांकन शुरु भएको हो ।

मुहुर्तमा फिल्मका मुख्य कलाकारहरू केदार घिमिरे (माग्ने बुढा), विपना थापा, अनमोल केसी, आँचल शर्मा, जसिता गरुङ लगायतको उपस्थिति थियो ।

मुहूर्तसँगै फिल्मको छायांकनका लागि निर्माण टिम धुलिखेल तर्फ लागेको छ । धुलिखेलमा फिल्मको तीन दिनसम्म छायांकन हुने निर्माण पक्षले जानकारी दिएको छ । त्यसपछि काठमाडौं, लुक्ला र भारतको लद्दाखमा छायांकन हुने बताइएको छ । फिल्मको छायांकन करिब ६० दिनमा सकिने भएको छ ।



सुयोग गुरुङको निर्देशनमा बन्न लागेको फिल्ममा भुवन केसी, सुरक्षा पन्त, निर्मल शर्मा, संगीता मगर, सुष्मा निरौला लगायतको पनि अभिनय रहनेछ ।

यसमा भुवन र विपनाले अनमोलको बुबा-आमाको भूमिका निर्वाह गर्नेछन् । १८ वर्षपछि उनीहरूले एकसाथ काम गर्न लागेका हुन् । अनन्या फिल्म्स र भण्डारी मल्टिट्रेडको ब्यानरमा निर्माण हुने फिल्म आगामी फागुन २ गतेदेखि प्रदर्शनमा ल्याउने तयारी निर्माण पक्षको छ ।

फिल्मको कथा हेमराज बिसीको हो भने विश्व तिमिल्सेनाको पटकथा छ । उज्जवल जोशीको छायांकन रहने फिल्ममा सुरेन्द्र पौडेलको सम्पादन रहनेछ ।

## रंगशाला

### साफ च्याम्पियनसिप

# फाइनलको टिकट बिक्री स्थगित

■ प्रभाव संवाददाता

**काठमाडौं–** अखिल नेपाल फुटबल सङ्घ (एन्फा) ले राजधानीमा जारी साफ महिला च्याम्पियनसिप फुटबलअन्तर्गत फाइनलको खेलको टिकट बिक्री तत्कालको लागि स्थगित गरेको छ ।

त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा (भोली) बुधबार हुने नेपाल र बङ्गलादेशबीचको फाइनल खेलको टिकट अर्को सूचना जारी नभएसम्मका लागि स्थगित गरिएको एन्फाले जनाएको छ । आइतबार भएको दोस्रो सेमिफाइनल खेलअन्तर्गत नेपाल र भारतबीचको खेल हेर्न आउने दर्शक रङ्गशालाको क्षमताभन्दा बढी भएको र खेलाडी एवं दर्शकको सुरक्षाको लागि तत्कालको लागि टिकट बिक्री गर्न स्थगन गरेको एन्फाको भनाइ छ ।

साफको टिकेटिङ अधिकार प्राप्त माउन्ट एभरेस्ट स्पोर्ट्स एन्ड इभेन्ट्स प्रालिले दोस्रो सेमिफाइनल खेलमा दर्शक क्षमताभन्दा बढी टिकट बिक्री गरेकाले यस विषयमा सत्यतत्य बुझेर मात्र टिकेटिङको व्यवस्था गरिने एन्फाले जनाएको छ ।

'नेपाल र भारतबीचको खेलमा सङ्घसँगको सम्झौता विपरीत रङ्गशालाको क्षमताभन्दा बढी टिकट बिक्री गरेको कारण उत्पन्न परिस्थितिलाई मध्यनजर गर्दै टिकेटिङ्ग अधिकार प्राप्त माउन्ट एभरेस्ट स्पोर्ट्स एन्ड इभेन्ट्स प्रालिसँग सत्यतथ्य बुझ्ने कार्य भइरहेको छ । त्यसैले हालकै अवस्थामा कुनै पनि माध्यमबाट टिकट बिक्री नगर्न/नगराउन र अर्को सूचना जारी नभएसम्म फाइनल खेलको टिकट खरिद नगर्न हुन आम दर्शकहरूमा सार्वजनिक आह्वानसमेत गर्दछौं,' एन्फाद्वारा जारी प्रेस विज्ञप्तिमा उल्लेख छ ।

यो सार्वजनिक सूचनालाई बेवास्ता गर्दै टिकट बिक्रीवितरण गरी कुनै समस्या आइपरेमा आफू जबाफदेही नहुनेसमेत एन्फाले जनाएको छ । नेपाल र बङ्गलादेशबीचको फाइनल खेल भोली (बुधबार) साँझ ६:३० बजे हुने तय भएको छ ।

### आइसिसी विश्वकप लिग-२

# अमेरिकासँग नेपाल पराजित

**काठमाडौं (प्रस)–** आइसिसी विश्वकप लिग-२ क्रिकेटमा नेपाल अमेरिकासँग पराजित भएको छ । अमेरिकाको डालसस्थित ग्राण्ड प्रेरी क्रिकेट रङ्गशाला सम्पन्न खेलमा नेपाल अमेरिकासँग तीन विकेटले पराजित भएको हो । नेपालले दिएको दुई सय ८७ रनको लक्ष्य पछ्याएको अमेरिकाले ४९ दशमलव ४ ओभरमा सात विकेट गुमाउँदै पूरा गऱ्यो ।

अमेरिकाको लागि शयान जहाजिंगरले सर्वाधिक एक सय चार रनको योगदान दिए । उनले ९७ बलमा १२ चौका र ४ छक्कासहित सर्वाधिक १०४ रनको शतकीय इनिङ खेलेका हुन् । त्यसैगरी कप्तान मोनांक पटेलले ७६ बलमा ५ चौकासहित ६२ रनमा बनाए । हरमित सिंहले ४४ बलमा ६ चौका र २ छक्कासहित ५७ रन जोडे । शाड्ली भानले शाक्ली २७, जसदीप सिंह र साइतेजा मुकामल्लाले समान ११ रन बनाए भने मिलिन्द कुमारले पाँच रन जोडे ।

नेपालका कुशल भुर्तेलले ४ विकेट लिए भने सोमपाल कामीले २ तथा ललित राजवंशीले १ विकेट लिए । त्यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको नेपालले ५० ओभरमा सबै विकेट गुमाउँदै दुई सय ८६ रन बनाएको योगफल बनाएको थियो । नेपालका कप्तान रोहित पौडेलले ९६ रनको इनिङ खेलेका थिए ।

त्यस्तै ओपनर आसिफ शेख ५३ बलमा ७ चौका र १ छक्कासहित ५२ तथा अनिल साह ६२ बलमा ५ चौकासहित ५६ रनमा आउट भए । त्यसैगरी आरिफ शेख ३७, कुशल भुर्तेल ११, दीपेन्द्रसिंह ऐरी १३, गुल्सन झा १ र सोमपाल कामी २ रनमा आउट भए । अमेरिका नोष्थुश केन्जिगेले ४ विकेट लिए भने हरमीत सिह, शाड्ली भान शाक्ली र जसदीप सिंहले समान १-१ विकेट लिए । नेपालले अब (आज) मङ्गलबार स्कटल्यान्डसँग खेल्नेछ । नेपाल लिग २ मा ९ खेलमा ७ मा हार, १ मा जित र १ खेलमा अंकविहीन हुँदै ३ अंकका साथ सातौं स्थानमा छ ।

**Lumbini Provincial Government**
**Ministry of Social Development**
**Directorate of Education and Social Development**
**Social Development Division Office**
**Nepalgunj, Banke**

## Invitation for Sealed Quotation

**IFB No: 04-081/082**
***(First Date of publication: 2081/07/13 (2024/10/29))***

Social Development Division Office Nepalgunj, Banke invites only electronic bids from eligible bidders for the following works:

| S. N. | Contract No/ Bids No | Description of Works | Estimated Amount without VAT & PS (NRs.) | Bid Security Amount (NRs.) / Validity Period | Bid document Price (NRs.) | Type of Bidding |
|---|---|---|---|---|---|---|
| 1. | SDDOBANKE/ W/SQ-35/2081/082 | Construction of Building of Janchahana Aa.Vi. Thakurbaba- 01 Dumreni, Bardiya | 8,34,860.57 | 20,000.00/ 75 Days | 1,000.00 | S.Q. |
| 2. | SDDOBANKE/ W/SQ-36/2081/082 | Construction of Incomplete Building of Sarswoti Ma.Vi. Badhaiyatal- 02 Shivashaktipur, Bardiya | 8,34,707.27 | 20,000.00 / 75 Days | 1,000.00 | S.Q. |
| 3. | SDDOBANKE/ W/SQ-37/2081/082 | Construction of Boundary Wall of Shree Ne.Ra. Aa.Vi. Rajapur- 05 Badalpur, Bardiya | 6,63,647.84 | 18,000.00 / 75 Days | 1,000.00 | S.Q. |
| 4. | SDDOBANKE/ W/SQ-38/2081/082 | Construction of Boundary Wall of Sarswoti Aa.Vi. Thakurbaba - 03 Neulapur, Bardiya | 8,34,620.12 | 20,000.00 / 75 Days | 1,000.00 | S.Q. |
| 5. | SDDOBANKE/ W/SQ-39/2081/082 | Construction of Boundary Wall of Janasiddheshwor Bahumukhi Campus Raptisonari- 06 Harbarhwa, Banke | 8,34,432.68 | 20,000.00/ 75 Days | 1,000.00 | S.Q. |
| 6. | SDDOBANKE/ W/SQ-40/2081/082 | Construction of Building of Shree Bageshwori Ma.Vi. Baijnath- 03 Gavar, Banke | 16,79,105.60 | 40,000.00 / 75 Days | 1,000.00 | S.Q. |
| 7. | SDDOBANKE/ W/SQ-41/2081/082 | Construction of Building of Shree Ganesh Ma.Vi. Raptisonari- 09 Dhakeri, Banke | 16,79,105.60 | 40,000.00 / 75 Days | 1,000.00 | S.Q. |
| 8. | SDDOBANKE/ W/SQ-42/2081/082 | Construction of Boundary Wall With Gate Shree Ne.Ra.Ma.Vi. Baijnath- 05 Neulapur, Banke | 8,34,709.15 | 20,000.00 / 75 Days | 1,000.00 | S.Q. |
| 9. | SDDOBANKE/ W/SQ-43/2081/082 | Construction of Boundary Wall of Shivashakti Ma.Vi. Raptisonari- 08 Perani, Banke | 8,34,432.68 | 20,000.00 / 75 Days | 1,000.00 | S.Q. |
| 10. | SDDOBANKE/ W/SQ-44/2081/082 | Construction of Boundary Wall of Shree Suryaoday Ma.Vi. Baijnath - 01 Chisapani, Banke | 12,61,887.08 | 35,000.00 / 75 Days | 1,000.00 | S.Q. |

| Last date and time for purchase of Bid Document and bid submission | Date, Time and place of Bid Opening |
|---|---|
| 2081/07/28 B.S.(2024/11/13 AD); up to 12:00 PM; Social Development Division Office Nepalgunj, Banke (electronic) | 2081/07/28 B.S.(2024/11/13 AD); up to 1:00 PM; Social Development Division Office Nepalgunj, Banke (electronic) |
| Bid security validity period | 30 days beyond Bid validity period |
| Bid Validity period | 45 Days for SQ |
| Account No. for bid document purchase/ Bid Fee | **Bank name:**RastriyaBanijaya Bank, Nepalgunj Branch<br>**Account Name:** Province Financial Unit Office, Nepalgunj (Pra. Le. E. Ka.)<br>**Revenue (rajaswa) Account Number:** 100010020001000<br>**Office Code:** 3500057025 (Social Development Division Office NepalgunjBanke)<br>**Revenue (rajaswa) Heading number:** 14229<br>**Revenue (rajaswa) Amount:**Rs.1,000/-<br>(mentioned purpose of deposit stating contract no. clearly) |
| Account No. for bid security deposit | **Bank Name:** RastriyaBanijaya Bank, Nepalgunj Branch<br>**Account Name:**Province Financial Unit Office, Nepalgunj (Pra. Le. E. Ka.)<br>**Account Number:** 4130100202030000 (Dharautikhata)<br>**Office Code:** 3500057025 (Social Development Division Office Nepalgunj Banke) |

Bidders shall submit their Bids electronically only. For e-bidding visit PPMO's e-procurement web portal https://www.bolpatra.gov.np/egp and for additional information please inspect the bidding documents at the Social Development Division Office Nepalgunj, Banke.

1. Social Development Division Office Nepalgunj, Banke reserves the right to accept or reject any Bids without assigning any reasons what sever, other terms and conditions not covered here will be in accordance to PPA-063 and PPR-064.
2. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Officer**

# चुनावमा पराजय भोगे पनि जापानका प्रधानमन्त्री तत्काल सरकारबाट नबाहिरिने

**टोकियो-** जापानका प्रधानमन्त्री शिगेरु इशिबाले मध्यावधि निर्वाचनमा आफ्नो गठबन्धनले अपेक्षित नतिजा नल्याए पनि सरकारको नेतृत्वमा रहिरहने प्रतिबद्धता जनाएका छन् ।

इशिबाले अक्टोबर १ मा पदभार ग्रहण गरेको केही दिनपछि अक्टोबर २७ का लागि निर्वाचनको घोषणा गरेका थिए । सन् १९५५ देखि जापानमा शासन गरिरहेको उनको लिबरल डेमोक्रयाटिक पार्टी (एलडिपी)को चुनावमा निकै कमजोर नतिजा देखिएको छ ।



एलडिपी नेतृत्वको गठबन्धनले बहुमत गुमाउने अनुमान गरिएसँगै इशिबाले 'राजनीतिक शून्यता' हुन नदिने बताउँदै सत्तामा रहिरहने प्रतिबद्धता जनाएका हुन् । 'म जापान र जापानी जनताको रक्षा गर्दै आफ्नो कर्तव्य पूरा गर्न चाहन्छु,' इशिबाले पत्रकारसँग भने । उनले भने, 'सबैभन्दा ठूलो चुनावी कारक पार्टीका जिम्मेवार नेताको नै आर्थिक अनियमिततासँग जोडिएका मुद्दामा सम्लग्नता देखिनु र यसबाट जनतामा एलडिपीप्रति 'शंका, अविश्वास र क्रोध' सिर्जना हुनु नै हो ।'

'म पैसा र राजनीतिको विषयमा आधारभूत सुधार गर्ने छु,' इशिबाले थप भने, 'मतदाताहरूले पार्टीमाथि 'कठोर निर्णय' दिएका छन् ।' राष्ट्रिय प्रसारक एनएचके र अन्य सञ्चारमाध्यमले सार्वजनिक गरेको एक्जिट पोल र नतिजाले एलडिपी र यसको कनिष्ठ गठबन्धन साझेदार कोमिइतोका लागि १५ वर्षयताकै सबैभन्दा खराब नतिजा देखाएपछि येनको मूल्य तीन महिनायताकै न्यून बिन्दुमा झरेको छ । जापानको संसद्को ४५६ सदस्यीय तल्लो सदनमा कम्तीमा २३३ सिट जित्ने इशिबाको घोषित लक्ष्य पूरा गर्न उनीहरू असफल हुने अनुमान निर्वाचन सर्वेक्षण नतिजाले यसअघि नै गरेका थिए ।

एनएचकेका अनुसार एलडिपीले १९१ सिट जितेको छ । सन् २०२१ को चुनावमा एलडिपीले २५९ र कोमेइतोले २४ सिट जितेका थिए । यो समाचार तयार पार्दासम्म आधिकारिक परिणाम आइसकेको छैन ।

चुनावअघि जापानी सञ्चारमाध्यमले यदि निर्वाचनमा एलडिपीले हार ब्यहोर्नुपरेमा इशिबाले पद छोड्ने र विश्वयुद्धपछिको समयमा जापानको सबैभन्दा छोटो सेवा गर्ने प्रधानमन्त्री बन्नसक्ने अनुमान गरेका थिए । एलडिपीको निर्वाचन समितिका प्रमुख तथा पूर्वप्रधानमन्त्री जुनिचिरो कोइजुमीका छोरा शिञ्जिरो कोइजुमीले घोषित निर्वाचन परिणामसँगै राजीनामा दिएका छन् । विश्लेषकहरूका अनुसार अर्को कदम भनेको इशिबाले अब अल्पमतको सरकारको नेतृत्व गर्ने प्रयास गर्ने छन्, किनभने विभाजित विपक्षीहरू सम्भवतः आफ्नै गठबन्धन बनाउन अक्षम देखिएका छन् ।

इशिबाले सोमबार दिएको प्रतिक्रियामा आफूले 'अहिले नै' व्यापक गठबन्धन बनाउनेबारे विचार नगरेको बताएका छन् । युनिभर्सिटी अफ टोकियोका राजनीतिशास्त्रका प्राध्यापक यु उचियामाले एएफपीसँग भने, 'पूर्वप्रधानमन्त्री शिञ्जो आबेसँग आबद्ध सांसदहरू इशिबाको नेतृत्वप्रति उदासीन छन्, त्यसैले उनीहरूले बदला लिने मौकाको फाइदा लिन सक्छन् ।'

'एलडिपी सिट संख्या यति धेरै कम भएको छ र यसले उनीहरूलाई पनि चोट परेको छ । त्यसैले उनीहरूले बदलाको भावभन्दा माथि उठेर तत्कालका लागि इशिबालाई समर्थन गर्न सक्दछन् । उनीहरूले यो आन्तरिक कलहको समय नभएको निर्क्योलमा पुग्न सक्छन्,' उचियामाले भने । *रासस/एएफपी*

# बंगलादेशका राष्ट्रपतिलाई अपदस्थ गर्न दबाब

**ढाका, बंगलादेश-** गत अगस्टमा अपदस्थ पूर्वप्रधानमन्त्री शेख हसिनालाई हटाउन आन्दोलन गरेको समूहले बंगलादेशका राष्ट्रपति मोहम्मद शहाबुद्दीनलाई राजीनामा दिन दबाबमा पारेको स्थानीय सञ्चारमाध्यमहरूले सोमबार जनाएका छन् ।

'छुप्पु' भनेर चिनिने ७४ वर्षीय शहाबुद्दीन सन् २०२३ मा अपदस्थ पूर्वप्रधानमन्त्री हसिनाको अवामी लिगको बहुमत रहेको संसद्बाट निर्वाचित भएका थिए । यो पद संवैधानिक भए पनि उनको पदबाट हट्ने सम्भावनाले संवैधानिक शून्यताको डर पैदा गरेको छ ।

'राष्ट्रपतिलाई हटाउनेबारे कुनै पनि निर्णय राजनीतिक सहमतिका आधारमा हुने छ,' हसिनाको



भारत पलायनसँगै घोषणा भएको राजिनामापछि बनेको अन्तरिम सरकारका प्रेस सल्लाहकार शफिकुल आलमले सोमबार भने । अन्तरिम सरकारको नेतृत्व नोबेल शान्ति पुरस्कार विजेता मोहम्मद युनुसले 'मुख्य सल्लाहकार'का रूपमा गरिरहेका छन् । सरकारका प्रवक्ता सैयदा रिजवाना हसनले शहाबुद्दीनलाई हटाउने विषयमा छलफल भइरहेको बताएका छन् ।

हसनले आइतबार पत्रकारहरूसँग भने, 'क्रान्तिपछि बनेको सरकारले फासीवादी सरकारले छानेको राष्ट्रपतिलाई कायम राख्ने कि नराख्ने भन्ने विषयमा विचार गर्नुपर्छ । उनलाई हटाउनुपर्ने माग आन्दोलनको भावनासँग मेल नखाने दाबीका आधारमा आएको हो ।'

यसै महिनाको सुरुमा शहाबुद्दीनले हसिनाको राजीनामापत्र आफूले कहिल्यै नदेखेको बताएपछि चर्को विरोध भएको थियो । त्यसको केही समयपछि युनुसको सरकारमा कार्यरत विद्यार्थी नेता आसिफ नजरुलले उक्त टिप्पणी 'उन (राष्ट्रपति)को शपथको उल्लंघन' भएको आरोप लगाएका थिए । *रासस/एएफपी*


## काठ दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति :२०८१/०७/१३**

यस पथलैया सामुदायिक वन उपभोक्ता समूहको वनबाट उत्पादन भई समुहको कार्यालय कम्पाउण्डमा घाटगद्दीमा विभिन्न २ वटा लट बनाई राखिएको साल काठ १३८६.३४ घ. फि. जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिको छ । वन नियमावली २०७९ को नियम १२८ बमोजिम सुचीकृत उद्योगले प्रथम पटक यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन भित्र प्रत्येक लटको छुट्टा छुट्टै सिलबन्दी बोलपत्र दाखिला गर्न आहवान गरिन्छ । यस सम्बन्धी विस्तृत विवरण जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा समपर्क राख्न सकिने छ । पुर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**पथलैया सामुदायिक वन उपभोक्ता समुह**
**जितपुर सिमरा उ.म.न.पा. १ पथलैया (बारा)**



## कालिका गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
### बागमति प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति : २०८१/०७/१३**

यस कार्यालयबाट देहायको ठेक्काको लागि राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आव्हानको सूचना प्रकाशन गरिएकोमा कार्यालयमा प्राप्त भएका बोलपत्रहरु मध्ये आर्थिक रुपले न्यूनतम कबोल गर्ने तपसिलको बोलपत्रदाताको बोलपत्र सारभूत रुपमा प्रभावग्राही भएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) प्रयोजनार्थ बोलपत्र स्वीकृत सम्बन्धी आशयको सूचना सम्बन्धित सबै बोलत्रदाताहरुको जानकारीका लागि प्रकाशन गरिएको छ ।

तपशिल :

| क्र.स. | ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल गरिएको रकम (मु.अ. कर, पि.एस. र कन्टेजेन्सीबाहेक) |
|---|---|---|---|---|
| १. | KRM/NCB/WORKS/2081-82/1 | Upgrading Of Rupsepani Badahare Road | Aadarsa Nirman Sewa. Bidur-2, Nuwakot | रु. ८८,८१,२८६।५० |

**प्रमुख प्रशासकीय अधिकृत**



## फिक्कल गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
### खाङ्साङ, सिन्धुली

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(सूचना प्रकाशित मिति २०८१/०७/१३)**

यस कार्यालय बाट मिति २०८१/०६/०१ गते प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार पर्न आएका बोलपत्रहरु मध्ये तपशिल अनुसारको कार्यको लागि तपशिल अनुसारको बोलपत्रको न्यूनतम मूल्याङकीत सारभूत रुपमा प्रभावग्राही देखिएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (१) बमोजिम स्वीकृतिको लागि छनौट गरिएकोले सोही ऐनको दफा २७ (२) र दफा ४७ को को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरूको जानकारीको लागि यो आशयको सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| सि. नं. | ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम, ठेगाना | कबोल अकं (मु.अ.कर सहित) रु. | कै. |
|---|---|---|---|---|---|
| 1. | FRM/Sindhuli/Works/NCB/03/081-82 | Construction of Gairi Karamdanda Gerudanda Ratnaganga Motarbato Phikkal-06. | U.K.B Construction Pvt. Ltd. Golanjor -07, Sindhuli | Rs. 17,22,446.14 | |
| 2. | FRM/Sindhuli/Works/NCB/04/081-82 | Upgrading of Sokhu Saluke Motarbato Phikkal-06. | U.K.B Construction Pvt. Ltd. Golanjor -07, Sindhuli | Rs. 19,37,591.4 | |

**प्रमुख प्रशासकीय अधिकृत**



## सूचना

यस लजगाः बचत तथा ऋण सहकारी संस्थाको विशेष साधारण सभा तयारीका लागि सञ्चालक समितिको बैठक मिति २०८१/०७/२९ गते दिनको १:०० बजे स्थान सोभिनियर ग्यालरी क्याफे सोल्टिमोडमा बस्ने भएको हुँदा सबै सञ्चालकहरूको उपस्थितिका लागि अनुरोध गर्दछौं । अध्यक्ष



## मोटरसाइकल हराएको सूचना

मिति २०८१।०६।०३ गते भक्तपुर जिल्ला, मध्यपुर ठिमी न.पा.-०५, पुरानोठिमीबाट कालो, रातो रङ्गको 150 CC Pulsar मोटरसाइकल बिहानको करिब १:०० बजेतिर हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**धनीको नाम : सुर्य तामाङ**
**बाइक नं.: बा.प्र. ०२-०५१ प ४७५१**
**च्यासिस नं.: MD2A11CX1RPC56598**
**इन्जिन नं. : DHXPRC26865**
**ठेगानाः भक्तपुर, पुरानोठिमी**
**सम्पर्कः ९८६९३७९८७०**



## Kalika Rural Municipality
### Office of The Municipal Executive
### Dhaibung, Rasuwa
### Bagmati Province, Nepal

**Invitation for Bid**

**Date of First Publication:29-10-2024**

1. The Kalika Rural Municipality invites E-bid from eligible bidder's for following works under National Competitive Bidding (NCB) ,Single Envelope System Bidding Procedure . Bidder's may obtain further information from the PPMO Web Portal www.bolpatra.gov.np/egp, or at the office of Kalika Rural Municipality,Dhaibung,Rasuwa.

| Contract ID | Name of Project | Bid Security Amount (NRS) | Bid Document Fee (Non-Refundable ) | Estimated Amount (NRs) | Last Date of Bid Submission | Last Date of Bid Opening |
|---|---|---|---|---|---|---|
| KRM/NCB/WORKS/2081-82/2 | DHAIBUNG KHANEPANI AAYOJANA (FIRTUNG) | Rs. 1,25,000 | Rs.3,000 | 41,38,285.11 (Exclusive of VAT ,Contingencies And P.S Item ) | 28-11-2024, 12:00Hrs | 28-11-2024, 13:00Hrs |

2. The Employer reservers the right to accept or reject ,wholly or partly any or all bids without assigning any reason, whatoever.

**Chief Administrative officer**



## राशन आपूर्ति सम्वन्धी बोलपत्र आव्हानको सूचना

### समाज कल्याण केन्द्र बृद्धाश्रम, पशुपति काठमाडौं

**प्रथम पटक प्रकाशित मिति २०८१।०७।१३**

***Contract IDM SWCEHP/01/NCB/G/081/82***

१. राशन आपुर्ति सम्वन्धी ब्यवसाय गर्न प्रचलित कानुन बमोजिम सम्वन्धित निकायमा दर्ता भएका आपूर्तिकर्ताहरुवाट २०८१ माघ १ गते देखी २०८२ पौष मसान्त सम्म २३० जना ज्येष्ठ नागरिकहरुको लागि स्वीकृत मापदण्ड अनुसारको राशन आपूर्ति गर्न समाज कल्याण केन्द्र बृद्धाश्रम प्रथम पटक प्रकाशित मितिले ३० (तिस) दिन भित्र पेश गर्ने गरी वोलपत्र आव्हान गर्दछ ।

२. खरिद गरिने राशनको किसिम तथा परिमाण वोलपत्र सम्वन्धी कागजातमा उल्लेख भएबमोजिम हुनेछ ।

३. बोलपत्रवाट राशन आपूर्ति गर्न चाहने इच्छुक नेपाली आपूर्तिकर्ताले e–bidding प्रणालीवाट बोलपत्र पेश गर्नुपर्नेछ । बोलपत्रदाताहरुले बोलपत्र दस्तुर वापतको रकम रु ५०००।०० (अक्षरुपी पाँच हजार रुपैया मात्र) फिर्ता नहुने गरी कोष तथा लेखा नियन्त्रक कार्यालय बबरमहल, काठमाडौंको राष्ट्रिय वाणिज्य बैंक, टेकु शाखा स्थित बैंक खाता नं. १०००१००२०००१०००० राजश्व शिर्षक नं. १४२२९ यस कार्यालयको कार्यालय कोड नं. ३४०००३५०२ मा जम्मा गरेको बैंक Scanned copy upload गर्नुपर्ने छ ।

४. बोलपत्रको मान्य हुने अवधी वोलपत्र खोल्ने मितिले ९० (नब्बे) दिनको हुनेछ ।

५. बोलपत्र पेश गर्दा बोलपत्र साथ रु ६,००,०००।०० (अक्षरुपी छ लाख रुपैया मात्र ।) बोलपत्र खोलिने मिति देखी १२० दिन मान्य रहने गरी नेपाल राष्ट्र बैंक, वालुवाटार, काठमाडौं स्थित यस कार्यालयको कार्यालय कोड नं. २७-३४०-०३ (नयाँ कोड ३४०००३५०२) धरौटी खाता नं. १२०१२००००१००२५२४ मा नगद दाखिला गरेको वैक भौचर वा नेपाल राष्ट्र बैंकवाट "क" बर्गको इजाजत प्राप्त बाणिज्य वैंकहरुवाट जारी गरेको वैंक जमानतको Scanned copy upload गर्नुपर्नेछ । सो वैंक जमानतको सक्कल प्रति वोलपत्र खोलिने दिन पेश गर्नु पर्नेछ ।

६. दाखिला भएका बोलपत्रहरु मिति २०८१।०८।१४ गते दिनको १:०० बजे वोलपत्रदाता वा निजको प्रतिनिधीको रोहवरमा समाज कल्याण केन्द्र बृद्धाश्रम पशुपतिमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएपनी वोलपत्र खोल्न बाधा पर्ने छैन । पूर्व निर्धारित मितिमा विविध कारण वस खोल्न नसकिएको अवस्थामा वोलपत्र तथा वोलपत्र जमानतको मान्य अवधीको गणना पूर्व निर्धारित मिति देखी नै हुनेछ ।

७. बोलपत्र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो को लगत्तै कार्यालय खुलेको दिन सोही समयमा खोलिनेछ ।

८. बोलपत्रमा आइटमवाइज दर अंक र अक्षर दुवैमा स्पस्ट रुपमा उल्लेख गर्नुपर्नेछ । अंक र अक्षर विच फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

९. म्याद नाघी आएको र रित नपुगेको बोलपत्र उपर कुनै कार्वाही गरिने छैन ।

१०. राशन आपुर्ति गर्ने करार अवधी भित्र कुनै किसिमको मूल्यबृद्धि दिईने छैन ।

११. बोलपत्र स्वीकृत गर्ने, रद्द गर्ने र आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस समाज कल्याण केन्द्र बृद्धाश्रम पशुपतिमा सुरक्षित रहनेछ ।

१२. सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुनेछ ।

१३. बोलपत्र सम्वन्धी अन्य कुरा बुझ्नु परेमा यस समाज कल्याण केन्द्र बृद्धाश्रम पशुपतिमा सम्पर्क राख्न वा कार्यालयको टेलिफोन नं. ०१-५२४१३९१ मा सम्पर्क गर्न सकिनेछ ।

१४. E–bidding प्रणालीबाट बोलपत्र पेश गर्दा बोलपत्रदाताहरुले www.bolpatra.gov.np मा Login गरी आवस्यक कागजात scanned copy upload गर्नुपर्नेछ । e–submission भएका बोलपत्रहरु खोल्ने समयमा upload भएको नदेखिएमा, upload कागज प्रस्ट नबुझिने भएमा र download हुन नसकेमा कार्यालय जवाफदेही हुनेछैन ।

**कार्यालय प्रमुख**



## कालिमाटी गाउँपालिका
### गाउँकार्यपालिकाको कार्यालय
### रामपुर सल्यान
### कर्णाली प्रदेश नेपाल

**बोलपत्र/दरभाउपत्र स्वीकृति गर्ने आशयको सूचना**

**(सूचना प्रकाशित मिति : २०८१।०७।१३)**

उपरोक्त विषयमा यस कार्यालयको विभिन्न मितिमा प्रकाशित सूचना बमोजिम पर्न आएका बोलपत्र/दरभाउपत्र मध्ये तपशिलका बोलपत्र/दरभाउपत्रहरुको न्युनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भनी बोलपत्र मूल्यांकन समितिबाट स्वीकृतिका लागि सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो आशयपत्र सम्बन्धी सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| सि.नं | ठेक्का नं. | कामको विवरण | छनोट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मुअ. कर बाहेक) |
|---|---|---|---|---|
| 1. | KRM/SQ/WORKS/2081/82/2 | Construction of kalchedanda and eklebar Gate | True diamond nirman sewa pvt.ltd | 1113765.25 |
| 2. | KRM/NCB/WORKS/2081/82/3 | Kalimati mandir nirman tatha mandirjane sadak ra mukhya sadak dekhi mela chhetra sadak starunnati yojana | M/s Bibek bishal constructoin | 3312139.75 |
| 3. | KRM/NCB/WORKS/2081/82/5 | Salghari wakhaldhungaM dahachuli ra badakholi kadaghari kaphilpati sadak nirman yojana wada no.6 | Sofiya construction pvt.ltd | 1269588.25 |
| 4. | KRM/NCB/WORKS/2081/82/6 | Marchebari chothre sadak nirman | Gaurigoma Nirman sewa pvt.ltd | 1088938.38 |
| 5. | KRM/SQ/WORKS/2081/82/7 | Dalit Adharbhut Bidhayala nirman ward no.4 | HRD Nirman sewa | 759011.05 |

**प्रमुख प्रशासकीय अधिकृत**

काठमाडौं जि.प्र.का.द.नं.४८०–०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १६७००० | प्रति तोला – ० | प्रति तोला – २०६५ |

## 'औद्योगिक क्षेत्रको आधुनिकीकरणमा एआई अपरिहार्य'




■ प्रभाव संवाददाता

**काठमाडौं–** १२ कात्तिकः उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले औद्योगिक क्षेत्रको विकास र आधुनिकीकरणका लागि आर्टिफिसियल इन्टेलिजेन्स (एआई) र रोबोटिक्स प्रविधि अपरिहार्य भइसकेको बताएका छन् । राष्ट्रिय युवा संघ नेपालद्वारा आयोजित इन्टरनेसनल आर्टिफिसियल इन्टेलिजेन्स एन्ड रोबोटिक्स कन्फरेन्समा आज उनले एआईसम्बन्धी नीति तथा कानुन निर्माण गरी यसको विकासमार्फत औद्योगिक विकास र समृद्धिमा फड्को मार्नेगरी सरकार लागिपरेको बताए ।

उनले भने, 'हामी यसका लागि नीतिगत र कानुनी संरचना निर्माण र पूर्वाधार विकासमा लागेका छौं । डिजिटल पूर्वाधार विस्तार र सुदृढीकरण, औद्योगिक क्लस्टर र टेक्नोलोजी पार्क स्थापना, इन्टरनेट कनेक्टिभिटी र नेटवर्क विस्तार, डाटा सेन्टर र क्लाउड कम्प्युटिङ सेवा, एआई अनुसन्धान र विकास, क्षमता विकास, उद्योग-शिक्षा साझेदारी, अन्तर्राष्ट्रिय सहकार्य र ज्ञान हस्तान्तरण, स्टार्टअप इन्क्युबेसन र एक्सेलेरेसन, लगानी प्रवर्द्धनजस्ता क्षेत्रहरूमा विशेष ध्यान दिनुपर्ने देखिन्छ ।'

मन्त्री भण्डारीले आफू नेतृत्वको मन्त्रालयले डिजिटल नेपाल औद्योगिक रूपान्तरण कार्यक्रम, एआई इनोभेसन हब स्थापना र युवा उद्यमी डिजिटल सशक्तीकरण कार्यक्रमहरू अघि बढाउने योजना बनाएको बताए । 'यी सबै प्रयासहरूको मुख्य लक्ष्य भनेको नेपालको औद्योगिक क्षेत्रलाई विश्व बजारमा प्रतिस्पर्धी बनाउनु र समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकांक्षा पूरा गर्न योगदान पुऱ्याउनु हो । नेपाली युवाको जीवनका लागि एआई भन्ने यस सम्मेलनको नाराले पनि हाम्रो युवा पुस्तालाई डिजिटल युगको अवसरहरू प्रदान गर्ने हाम्रो प्रतिबद्धतालाई प्रतिबिम्बित गर्दछ । यस छलफलले यस दिशामा महत्वपूर्ण योगदान पुऱ्याएको छ', उनले भने ।

मन्त्री भण्डारीले नेपालको औद्योगिक क्षेत्रमा एआई र रोबोटिक्स प्रविधिको भूमिका र सम्भावनाहरूबारे गहन छलफल गरिएकामा खुसी व्यक्त गरे । उनले यस क्षेत्रमा विश्वव्यापी रूपमा भइरहेका विकास र प्रगतिहरूले मुलुकको औद्योगिक रूपान्तरणका लागि नयाँ दिशा र सम्भावनाहरू प्रस्तुत गरेको बताए ।

एआईको प्रयोग र प्रभावले स्मार्ट म्यानुफ्याक्चरिङ, आपूर्ति शृंखला व्यवस्थापन र ग्राहक सेवा तथा बजार विश्लेषण गरी स्वचालित ग्राहक सेवा र समर्थन, बजारको प्रवृत्ति विश्लेषण, ग्राहक व्यवहार अध्ययन, व्यक्तिगत सिफारिस प्रणाली, सामाजिक सञ्जाल अनुगमन र विश्लेषण जस्ता आयाममा उल्लेखनीय योगदान र सहजीकरण गर्दै आएको भन्त्री भण्डारीस्को भनाइ थियो ।

## पुँजीगत खर्च बढाउन र बेरुजु फस्र्योट गर्न निर्देशन

■ प्रभाव संवाददाता



**काठमाडौं–** सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले मन्त्रालय र मातहतका निकायहरूलाई पुँजीगत खर्च बढाउन र बेरुजु घटाउन निर्देशन दिएका छन् ।

मन्त्रालयमा सोमबार आयोजित आर्थिक वर्ष २०८१/८२ को प्रथम त्रैमासिक समीक्षा तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति (एमड्याक) बैठकमा उनले भने, 'पुँजीगत खर्च बढाउनुपर्छ । मन्त्रालयको ५० प्रतिशत पनि कट्न नसक्नु राम्रो हैन ।'

मातहतका कार्यालयमा रहेको बेरुजु घटाउन दिर्नेशन दिँदै सरकारका प्रवक्ता समेत रहेका मन्त्री गुरुङले भने, 'जहाँ सुशासन र पारदर्शिता हुँदैन, त्यहाँ सेटिङ हुन्छ, नीतिगत भ्रष्टाचार हुन्छ, त्यहाँ बेरुजु अत्यधिक हुन्छ । आगामी बैठकमा आउँदा बेरुजु फर्छ्योटको स्थितिमा सुधार गर्नुहोस् ।'

चालु आव २०८१/८२ को प्रथम त्रैमासिक अवधिमा मन्त्रालयअन्तर्गत रु एक अर्ब ६४ करोड ९८ लाख बजेटमा ५१ दशमलव ९३ प्रतिशत खर्च भएको छ । यस अवधिमा ४१ दशमलव ६ प्रतिशत पुँजीगत खर्च र चालुतर्फ ५२ दशमलव ९२ प्रतिशत खर्च भएको छ ।

मन्त्रालयको प्रमुख छ वटा कार्य क्षेत्रका १९ निकायहरूमार्फत भएका कामका सम्बन्धमा बसेको बैठकमा मन्त्री गुरुङले कर्मचारीलाई परम्परागत कार्यशैली परिवर्तन गर्न सुझाव दिए । 'सबै काम पारदर्शी हुनुपर्छ । अनेक बहानाबाजी गरेर काम अड्काउनु हुँदैन । कर्मचारीतन्त्रमा भएका समस्या अब सुधार हुनुपर्छ, नयाँ ढङ्गले काम गरौँ', उनले भने ।

सामान्य प्रशासन तथा संघीय मामिला मन्त्रालयको ध्यानाकर्षण गराउँदै मन्त्री गुरुङले कार्यसम्पादन सम्झौता कार्यान्वयनमा जोड दिए । उनले कर्मचारीलाई कम्तीमा एक वर्षसम्म तोकिएको कार्यक्षेत्रबाट सरुवा नगर्न र नगराउन आग्रह गरे । छोटोछोटो समयमा सरुवा गर्ने प्रवृत्तिले गर्दा कार्यसम्पादनमा प्रभाव पर्नेतर्फ सचेत गराए । उनले अन्तरमन्त्रालयबीच समन्वय, सहकार्य र सहयोग आवश्यकता औंल्याउँदै विकास समस्या समाधान गर्नुपर्नेमा जोड दिए ।

बैठकमा चालु आवको प्रथम त्रैमासिकसम्मको प्रगति विवतरणअनुसार कार्यान्वयन गर्नुपर्ने ३४ वटा 'माइलस्टोन' मध्ये २१ वटाको कार्य सम्पन्न भएको छ । काम हुन नसकेका 'माइलस्टोन' १० वटा छन् भने सम्पन्न हुने प्रक्रियामा रहेका तीन वटा रहेका छन् ।

बैठकमा राष्ट्रिय योजना आयोगका सदस्य डा प्रकाशकुमार श्रेष्ठले समस्या र सहजीकरणका विषयमा आयोग सहयोग र सहकार्य गर्न तत्पर रहेको बताए । सचिव राधिका अर्यालले पुँजीगत खर्च बढाउनुको विकल्प नभएको बताइन् । उनले मन्त्रालयको 'माइलस्टोन' मा राम्रो प्रगति भएको बताइन् । उनले आगामी बैठकमा उपलब्धि र प्रभावलाई आलोचनात्मक समीक्षाका हुनुपर्ने रायसमेत राखिन् ।

## निजी क्षेत्रको ऊर्जा विकासमा सहजीकरण गर्न माग

**काठमाडौं (प्रस)–** निजी क्षेत्रका ऊर्जा उत्पादकको छाता संस्था स्वतन्त्र ऊर्जा उत्पादकको संस्था, नेपाल (इप्पान)ले निजी क्षेत्रको ऊर्जा विकासका लागि सहजीकरण गर्न ऊर्जामन्त्री दीपक खड्का समक्ष माग गरेका छन् ।

इप्पानका अध्यक्ष गणेश कार्की नेतृत्वको टोलीले ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री खड्कालाई भेटेर सरकारले राखेको ऊर्जा विकासका लक्ष्यलाई पूरा गर्न निजी क्षेत्रको ऊर्जा विकासमा सहजीकरण गर्न माग गरेका हुन् । अध्यक्ष कार्कीले आर्थिक मन्दी, बैंक तथा वित्तीय संस्थाले जलविद्युत् आयोजनालाई दिनुपर्ने ऋण प्रवाह गर्न नसक्नु, भारतबाट विस्फोटक पदार्थ आयातमा अनौपचारिक रोक लगाउनु, वन तथा वातावरण मन्त्रालयले रुख कटानको स्वीकृति नै नदिनु, सरकारी जग्गा प्राप्तिमा हदबन्दीलगायतका झमेलाले आयोजना समयमै बनाउन नसकिएको उल्लेख गर्दै विद्युत् उत्पादनको अन्तिम मितिको म्याद बढाउन आग्रह गरे ।

इप्पानले जलविद्युत् आयोजनाको अध्ययनमा लामो समय लाग्ने र कतिपय आयोजना अध्ययन गर्दागर्दै सम्भाव्य नहुने हुँदा आयोजना सबै हिसाबले सम्भाव्य भएर उत्पादन अनुमतिपत्र प्राप्त गरेपछि मात्रै उद्योग विभागमा दर्ता गर्ने व्यवस्था गरिदिनसमेत मन्त्रीसमक्ष आग्रह गरेको छ । यसैगरी, आयोजनाको प्रकृति र क्षमता अनुसार वित्तीय व्यवस्थापनको समय तोकिदिनसमेत माग गरेको छ ।

भेटमा मन्त्री खड्काले सरकारले सन् २०३५ सम्ममा २८ हजार पाँच सय मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य लिएकाले यसलाई पूरा गर्न निजी क्षेत्रको साथ र सहयोग महत्वपूर्ण रहेको बताए ।

## नेप्से परिसूचक २७ अंकले बढ्यो

**काठमाडौं (प्रस)–** धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक उकालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार, नेप्से परिसूचक २७.४१ अंकले उकालो लागेर दुई हजार छ सय ४५.३६ मा पुगेको छ । ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक तीन दशमलव १४ अंकले उकालो लागेर चार सय ७२ दशमलव ९५ मा पुगेको छ । कारोबार भएका १३ वटै उपसमूहको सेयर मूल्यमा सोमबार वृद्धि भएको छ ।

कूल एक करोड चार लाख १८ हजार नौ सय २६ कित्ता सेयर रु पाँच अर्ब ३४ करोड ४८ लाख नौ सय १२ मूल्यमा खरिद बिक्री भएको छ । नेप्सेका अनुसार, जानकी फाइनान्स र डोल्टी पावरको सेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ ।

रिभर फल्स पावर नौ दशमलव ५४, मेछ्याङ हाइड्रोपावर नौ दशमलव १३ र माया खोला हाइड्रोपावरका लगानीकर्ताले छ दशमलव ९९ प्रतिशतले कमाएका छन् । यस्तै, कालिञ्चोक दर्शन लिमिटेड चार दशमलव ३५,समृद्धि फाइनान्स कम्पनी तीन दशमलव ९६, विन नेपाल लघुवित्त दुई दशमलव ८९ र नेपाल एसबिआई बैंकका लगानीकर्ताले दुई दशमलव ६३ प्रतिशतले गुमाएका छन् ।


## वायु प्रदूषणका असरहरु

**वायु प्रदूषणले**

- फोक्सोको क्यान्सर, ब्रोन्काइटिस, दम जस्ता श्वासप्रश्वाससम्बन्धी रोगहरु लाग्न सक्छन्,
- यसले मुटु, रक्तसंचार प्रणाली र मस्तिष्कमा समेत गम्भीर असर पुऱ्याउन सक्छ,
- सुख्खा खोकी लाग्ने, घाँटी चिलाउने तथा आँखामा असर देखा पर्न सक्छ,
- सहरी क्षेत्रमा यसको असर बढी हुन सक्छ,

**त्यसैले:**

- वायु प्रदूषण न्यूनीकरणका लागि सवारीसाधनको समय-समयमा मर्मत गरौं,
- कच्ची सडकहरु कालोपत्रे गरौं,
- वृक्षरोपण गरौं,
- घर, सडक तथा सार्वजनिक स्थानको सरसफाई गरौं ।

**वायु प्रदूषणको असरबाट बचौं र बचाऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड


नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
सडक डिभिजन जुम्ला

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशित मिति: २०८१/०७/१३)

यस सडक डिभिजनको सूचना नं. ०१/०८१/८२ मिति: २०८१/०५/०७ गते आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित तपसिलको ठेक्काको बोलपत्र आह्वानको सूचना अनुसार रीतपूर्वक पेश भएका बोलपत्रहरूमध्ये देहाय बमोजिमको बोलपत्रदाताहरूले पेश गरेका बोलपत्र सारभूत रूपमा प्रभावग्राही र न्यूनतम मूल्याङ्कित रहेकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ को प्रयोजनार्थ सोही ऐनको दफा २७ को उपदफा (२) र (३) बमोजिम बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।

| S. N | Contract Number | Work Description | Name and address of Contractor | Quoted Amount NRs. (Including VAT & PS) |
|---|---|---|---|---|
| 1 | RDJML/ 337011694/ 081/82-01 | Road Construction and Upgrading work along Bhattadi - Patedil - Deuramalika hudai Tribeni Samma Sadak Nirman, Kalikot | M/S Kushal Nirman & Order suppliers, nanikot-06, Kalikot | 4,864,158.74 |
| 2 | RDJML/ 337011694/ 081/82-02 | Road Construction and Upgrading Work Along Khadachakra Ward No 2,3,4 Kalikotko Megarkhola Dekhi Tadi Zero Point Jodne Sadak Nirman, Kalikot | M/S Janaka Nirman Sewa Kalikot | 5,186,734.42 |
| 3 | RDJML/ 337011694/ 081/82-03 | Roadway Construction Work along Raskot Nagarpalika Deura Hudai Tretadi Patansamma Sadak, Kalikot | Nishan Nirman sewa Manma-5, Kalikot | 4,406,540.73 |
| 4 | RDJML/ 337011694/ 081/82-04 | Roadway Construction Works Along Patihalna-Dharmaghar Hudai Baluwa-Chakha-Seri pantadi Sadak Nirman, Kalikot | Three R construction, Khadachakra Municipality-01, Kalikot | 4,773,262.40 |
| 5 | RDJML/ 337011694/ 081/82-05 | Roadway Construction Works Along Padekshya Dekhi Jimjedisamma Sadak Nirman, Kalikot | Birat Construction Nirman Sewa kanaksundari 6 | 4,762,610.26 |
| 6 | RDJML/ 337011694/ 081/82-06 | Roadway Construction and Upgrading Works Along Ghattegad Gela Kuni Ramni Hudai Padamghat Sadak, Kalikot | Shree Singha Kaloka Nirman Sewa Mahabai-5 | 5,980,252.13 |
| 7 | RDJML/ 337011694/ 081/82-07 | Road Construction and Upgrading Works Along Tulsipur Makhantakuri Luham Chaurjahari Jajarkot Khalanga Jumla Kudari Road (12+000 To 17+000), Jumla | M/S Birat Construction Nirman Sewa kanaksundari-6 | 3,970,573.30 |
| 8 | RDJML/ 337011694/ 081/82-08 | Road Construction and Upgrading Works Along Guthichaur 4 Pyakurebada hudai Duiyabhidbat Mudurisamm Road, Jumla | M/S Chimara Construction And Suppliers kathmandu M-29 | 4,189,430.63 |
| 9 | RDJML/ 337011694/ 081/82-09 | Road Construction and Upgrading Works along Bhalkhola To Burseni Kaulimare Road, Jumla | M/S Anukul Nirman Sewa, Jumla | 4,458,316.33 |
| 10 | RDJML/ 337011694/ 081/82-10 | Road Construction and Upgrading Works along Tatopani -07 Baragau Mepani Dekhi Goru Odar Road (0+000 To 4+000), Jumla | M/S Birat Construction Nirman Sewa kanaksundari-6 | 3,849,055.93 |
| 11 | RDJML/ 337011694/ 081/82-11 | Road Construction and Upgrading Works along Tui Pokhari Dekhi Gharde Samma Road (danda salla to baringa) | M/S Birat Construction Nirman Sewa kanaksundari 6 | 3,354,007.33 |
| 12 | RDJML/ 337011694/ 081/82-12 | Road Construction and Upgrading Works along Tuma Dekhi Lamachaur Samma Sadak Rara ko pratakiy marga Chayanatha Rara Na.Pa.3 Mugu | M/s Birat Construction Nirman Sewa, Kankasundari-06, Jumla | 4,895,158.77 |

डिभिजन प्रमुख

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१–४३७३५७७, ०१–४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ